म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ३५ बुधबार, १८ भदौ २०८२ ने. सं. ११४५ जलाथ्व 3 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मानव बेचबिखन अपराध हो ।**

सुर्तीजन्य पदार्थको सेवनले:
- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमती प्रदेशसभा शुन्य समय: प्रदेशसभा हल राम्रो भएपनि सिट व्यवस्थापन भएन

## 'राजनीतिक अस्थिरता प्रमुख समस्या'

मनिल महतो

हेटौंडा, १७ भदौ/ बागमती प्रदेश सांसद्हरुले मंगलबार पनि आफ्नो निर्वाचन क्षेत्रका समस्यालगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रदेशसभा बैठकको शुन्य समयमा १० जना सांसद्ले बागझोरामा पुल हाल्नदेखि प्रदेशसभा भवनभित्रको सिट व्यवस्थापन गर्नसम्मको लागि सरकारको ध्यानाकर्षण गराएका छन् । सांसद् ओमकुमारी श्रेष्ठले संघीय राजधानी र प्रदेश राजधानी जोड्ने बाटो धेरै भएपनि एउटा पनि बाटो सहज नभएको बताइन् । बागझोरामा प्रदेश सरकारले संघीय सरकारको मात्र मुखताकेर बस्न नहुने उनले बताइन् । 'संघीय सरकारको मात्र भर परेर भएन, बागझोरा पुल राखेर भएपनि प्रदेश सरकारले सहज आवाजजावतको व्यवस्था गर्नुपर्छ' उनले भनिन् । सांसद् श्रेष्ठले प्रदेश सरकारले आफ्नै पहलमा पुल राखेर भएपनि यात्रा सहज बनाउनुपर्ने माग गरिन् ।

सांसद् ईश्वर सापकोटाले किसानलाई तुरुन्त मलको आपूर्ति गर्नुपर्ने बताए । चाडपर्व नजिकिँदै गर्दा उपभोग्य बस्तुहरुको मूल्यवृद्धिले जनता मारमा परेको उनले बताए । 'चाडपर्व नजिकिँदै गरेको समयमा उपभोग्य वस्तुको मूल्यवृद्धिले चरम सीमा नाघेको छ' उनले भने । सांसद् सापकोटाले कालोबजारी अन्त्य गरी जनतालाई सुविधा हुने गरी सुपथ मूल्यका पसल सञ्चालन गर्नुपर्ने माग गरे । चाडपर्वको समयमा यातायातको व्यवस्था सहज बनाउन पनि उनले सरकारको ध्यानाकर्षण गराए ।

अर्का सांसद् प्रेमभक्त महर्जनले १० लाख भन्दा माथिका योजना टेण्डरमा लैजाने निर्णयप्रति असन्तुष्टि जनाए । उपभोक्त समितिबाट पनि धेरै राम्रा कामहरु हुने गरेको उनले बताए । सांसद् महर्जनले सांस्कृतिक सम्पदाहरुको



काम टेण्डरबाट हुँदा मौलिकता गुम्न सक्ने जिकिर गरे । सांस्कृतिक सम्पदा भएको स्थानमा टेण्डरबाट नभई उपभोक्त समितिबाट काम हुनुपर्ने उनले जोड दिए । सांसद् मदुकुमार श्रेष्ठले प्रदेशसभा हल राम्रो भएपनि सिट व्यवस्थापन असहज भएको बताए । सिट बस्न अप्ठ्यारो हुँदा ढाडमा समस्या हुने गरेको भन्दै उनले सचिवालयको ध्यानाकर्षण गराए । सांसद् श्रेष्ठले लिम्पियाधुरा, लिपुलेक र कालापानीमा भारतले विगतदेखि विभिन्न संरचना बनाउने प्रयास भएको बताए ।

सांसद् यमुनादेवी श्रेष्ठले विपद् व्यवस्थापनमा सरकारले काम गर्न नसकेको बताइन् । २०८१ असोज ११ र १२ को बाढीले चन्द्रागिरी नगरपालिकाको वडा नं. २ पहिरोको जोखिममा रहेको विषय उठाउँदा पनि सरकारले ध्यान नदिएको उनले बताइन् । सांसद् बसन्त मानन्धरले प्रदेश सरकारले सबै प्रकारको जमिनको उपयोग गर्दै श्रम र उत्पादनमार्फत् रोजगारीको सिर्जना गर्नुपर्ने बताए । वर्षात्को समयमा काठमाडौँको वनस्थली क्षेत्रमा हुने डुबानको समस्यालाई यथाशीघ्र समाधान गर्न विपद् व्यवस्थापन कोषबाट बजेटको व्यवस्थापन गर्नुपर्ने उनले बताए ।

सांसद् मानन्धरले भाषा ऐनको प्रभावकारी कार्यान्वयन गर्न आधारभूत तहसम्मको शिक्षा मातृभाषामा अध्ययन गराउने व्यवस्था गर्नुपर्ने बताए । माध्यमिक तहको शिक्षालाई व्यवसायिक र उत्पादनमूलक बनाउन प्रयोगात्मक पद्धतियुक्त पाठ्यक्रम तयारीको लागि सम्बिन्धित निकायलाई निर्देशन दिनुपर्ने उनले बताए । सांसद् कृष्ण सिलवालले प्रदेश सरकारको अहिलेको प्रशासनिक भवन उपयुक्त स्थानमा नै रहेको बताए । हेटौंडाको ऐतिहासिकतालाई नष्ट गर्ने गरी अन्यत्र प्रशासनिक भवन स्थानान्तरण गर्ने कार्य उपयुक्त नरहेको उनको धारणा छ ।

सांसद् शान्ता ढकालले राजनीतिक अस्थिरता र नेतृत्व संकट बागमती प्रदेश सरकारको प्रमुख समस्याको रुपमा रहेको बताए । नेतृत्वको संकट समाधान नगरी प्रदेशको समृद्धि नहुने उनले बताए । सरकारमा नीतिगत विचलन र प्रशासनिक अराजकता देखिएको उनले उल्लेख गरे । मन्त्रालयबीच तालमेलको अभाव, राजनीतिक हस्तक्षेप, विपद् व्यवस्थापनमा ढिलाई हुँदा प्रदेशको अनुभूति गर्न नसकिएको उनले बताए ।

प्रदेशसभा सदस्य धनेश्वरी प्रजापतिले र नुरज बज्रचार्यले मध्यपुर ठिमी नगरपालिका वडा नं.९ स्थित नीलबराही मन्दिर परिसरमा केही समयदेखि पहिरो जाँदा सास्ती भएको बताएका छन् । पहिरो नियन्त्रणको लागि स्थानीय श्रमदानबाट भएको काम सरकारको टाउकोदुखाई विषय भइरहेको उनीहरुले बताए । सांस्कृतिक सम्पदाको मुल मान्यता अनुसार काम नभएको स्थानीयको गुनासो भएकोले सो अनुसार गर्न सरकारको ध्यानाकर्षण गराए ।

**समिति सदस्य हेरफेर र मनोनयन प्रस्ताव अनुमोदन**

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले विभिन्न समितिमा सदस्य हेरफेर तथा नयाँ मनोनयनको प्रस्ताव प्रस्तुत गर्दै सभाले अनुमोदन गरेको घोषणा गरेका छन् ।

मंगलबार बसेको प्रदेशसभा बैठकमा सभामुख पाठकले कार्यव्यवस्था परामर्श समितिमा रहेका गोविन्द लम्साल, गीता गुरुङ, रामकृष्ण चित्रकार र सविता खड्कीको स्थानमा छिरिङ्दोर्जे लामा, पुकार महर्जन, मिनकृष्ण महर्जन र शान्ता ढकाललाई राख्ने प्रस्ताव गरेका थिए । सभाले प्रस्तावलाई सर्वसम्मतिले अनुमोदन गरेको छ । त्यस्तै, प्रदेशसभा नियमावली २०७४ को नियम (१५०) बमोजिम प्रदेश मामिला समितिमा बहादुरसिंह लामा, सुरचन्द्र लामिछाने, कुन्दनराज काफ्ले र मदुकुमार श्रेष्ठलाई मनोनयन गरिएको छ ।

सार्वजनिक लेखा समितिमा मिनकृष्ण महर्जन र श्यामकुमार खड्का, शिक्षा स्वास्थ्य तथा कृषि समितिमा हरिप्रभा खड्कीलाई मनोनयन गरिएको छ । यस्तै उद्योग, पर्यटन तथा वातावरण समितिमा बिमलचन्द्र ठकुरीलाई मनोनयन गरिएको छ । यी सबै प्रस्तावलाई प्रदेशसभा बैठकले अनुमोदन गरेको हो । बागमती प्रदेशसभाको अर्को बैठक सूचना जारी नभएसम्मको लागि स्थगित भएको छ ।

## वन ऐन संशोधन हुँदै बागमती सरकारको राजश्व गुम्दै

साझाकुरा संवाददाता

हेटौंडा, १७ भदौ/ बागमती प्रदेशले २०७६ देखि लागू गरेको राष्ट्रिय वन ऐन संशोधन नगर्दा राजस्व संकलन गर्न सकेको छैन ।

संघीय कानुनका केही प्रावधानसँग बाझिएकाले प्रदेशको ऐन अहिले निष्क्रिय छ । प्रदेशले तयार पारेको ऐनमार्फत् वनलाई व्यवस्थित गर्दै राष्ट्रिय तथा निजी वनबाट वनपैदावर बिक्री गरी राजस्व संकलन गर्ने व्यवस्था गरिएको थियो । तर, संघीय कानुनसँग बाझिने दफाहरुका कारण प्रदेशको ऐन निष्क्रिय हुँदा राजस्व संकलनमा प्रत्यक्ष असर परेको छ । प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालले ऐन संशोधन गरेर कार्यान्वयन गर्न नसक्दा वार्षिक १२ करोडदेखि १५ करोडसम्म राजस्व गुमिरहेको बताए ।

'सामुदायिक वनबाट संकलन हुने राजस्वमा स्पष्टता नहुँदा यस्तो अवस्था आएको हो । संविधानको मर्मविपरीत संघीय कानुनसँग बाझिने खालका प्रावधान भएका कारण संशोधन अपरिहार्य बनेको छ,' उनले भने । सामुदायिक वन उपभोक्ता महासंघले आर्थिक ऐनमा तोकिएको राजस्वसम्बन्धी प्रावधानविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेपछि अन्तरिम आदेश जारी भएको र त्यसका कारण पनि प्रदेशलाई ठुलो घाटा भएको बरालको भनाइ छ । प्रदेश वन ऐनमा रहेका वन क्षेत्रभित्रको बस्ती स्थानान्तरण, उद्योगलाई जग्गाको भोगाधिकार दिने 'जस्ता अधिकार प्रदेशमातहत राखिएको उनले बताए ।

ऐन संशोधनको मस्यौदा तयार गरी अर्थ मन्त्रालयको सहमति लिएर आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाइएको उनले जानकारी दिए । यद्यपि नयाँ सरकार गठन भएसँगै मस्यौदा नयाँ मन्त्रिपरिषद्ले पेस गर्नुपर्ने भन्दै फिर्ता पठाइएपछि संशोधन प्रक्रिया रोकिएको उनको भनाइ छ । ऐन संशोधन नहुँदा प्रदेशले वार्षिक करोडौं रुपैयाँ राजस्व गुमाउने र वन व्यवस्थापनमा समेत कानुनी जटिलता उत्पन्न भएको सचिव बरालले बताए । प्रदेश वन ऐनमा रहेका वन क्षेत्रभित्रको बस्ती स्थानान्तरण, उद्योगलाई जग्गाको भोगाधिकार दिने, दण्डजरिबाना तोक्ने र धार्मिक वन हस्तान्तरण गर्नेजस्ता अधिकार प्रदेश सरकार मातहत राखिएको तर, संघीय ऐनले तिनलाई संघीय सरकारको अधिकार क्षेत्रभित्र राखेकाले प्रदेश ऐन कार्यान्वयन हुन नसकेको उनको भनाइ छ ।

२०८१ असोजमा बागमती प्रदेशअन्तर्गतको उद्योग, पर्यटन तथा वातावरण समितिले तत्काल प्रदेश राष्ट्रिय वन ऐन संशोधन गर्न निर्देशन दिएको थियो । संघीय सरकारले जारी गरेको ऐनसँग अनुकूल हुने गरी ऐन संशोधनको व्यवस्था मिलाउन समितिले निर्देशन दिए पनि ऐन संशोधन हुन नसकेको हो । समितिका सभापति आनन्दकुमार श्रेष्ठले समितिको बैठकमा तत्कालीन वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवाल र सचिव धीरेन्द्र प्रधानलाई संघीय ऐनसँग बाझिएका व्यवस्था तत्काल संशोधन गर्न निर्देशन दिएका थिए । समितिले निर्देशन दिएको करिब एक वर्षसम्म पनि कार्यान्वयन हुन नसकेको हो ।





## कार्यवाहक प्रधानमन्त्रीलाई विद्यार्थी संगठनको ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १७ भदौ/ विद्यालय शिक्षा विधेयकमा संशोधन गर्न माग राख्दै आन्दोलित नेपाल शिक्षक महासंघ र निजी विद्यालय सञ्चालकलाई १७ विद्यार्थी संगठनले चुनौती दिँदै आन्दोलनको घोषणा गरेका छन् ।

विद्यार्थी संगठनले शिक्षक र निजी विद्यालय सञ्चालकको माग विपरीत विद्यालय शिक्षा विधेयकमा व्यवस्था गर्न माग राख्दै सडक प्रदर्शनसम्मको आन्दोलनका कार्यक्रम सुरु गरेका हुन् । नेविसंघ, अनेरास्ववियू, अखिल क्रान्तिकारी लगायत विद्यार्थी संगठनले मंगलबार कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहलाई ज्ञापनपत्र बुझाउँदै आन्दोलनको थालनी गरेका छन् । उनीहरुले ८ बुँदे माग अघि सारेका छन् । संविधानमा व्यवस्था भएबमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक शिक्षा पूर्ण नि:शुल्क पाउने व्यवस्था अविलम्ब अक्षरश: कार्यान्वयन गर्न माग गरिएको छ ।

सामुदायिक विद्यालयको गुणस्तरमा सुधार गर्न सरकारको प्रतिबद्धता बमोजिम तीनै तहका सरकारले कुल वार्षिक बजेटको



न्यूनतम २० प्रतिशत शिक्षामा अनिवार्य विनियोजन गर्ने व्यवस्था गर्नुपर्ने औंल्याइएको छ । अनिवार्य शिक्षा कार्यान्वयन र बजेटका विषयमा शिक्षा, स्वास्थ्य समितिबाट प्रतिनिधिसभामा पेश विधेयक मौन छ । शिक्षालाई पूर्ण रुपमा सेवामुखी बनाउनुपर्ने विद्यार्थी संगठनको संयुक्त माग रहेको छ । 'शैक्षिकक्षेत्रमा निजीकरण र व्यावसायीकरणले निम्त्याएको विकृति पूर्णरुपमा निर्मूल गरी शिक्षालाई व्यावसायिक नभई पूर्णरुपमा सेवामुखी क्षेत्रको रुपमा विकास गरी नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम सबै तहको शिक्षालाई क्रमश: पूर्ण नि:शुल्क बनाउँदै लैजान माग गर्दछौं,' मागपत्रमा भनिएको छ ।

नयाँ निजी शिक्षण संस्था खोल्न अनुमति दिने प्रावधान सदाका लागि बन्द गर्न आग्रह गरिएको छ । विधेयकमा निजी विद्यालय क्रमश: गैरनाफामूलक बनाउने उल्लेख छ । निजी विद्यालय सञ्चालक प्याब्सन, नेशनल प्याब्सन, हिसानलगायतले यसमा असहमति राख्दै सडक प्रदर्शनलगायत आन्दोलनको कार्यक्रम गर्दै आएका छन् ।

शिक्षकको माग विपरीत विद्यार्थी संगठनले खुला प्रतिस्पर्धाबाट मात्रै शिक्षक नियुक्ति गर्न माग राखेका छन् । विधेयकले आन्तरिक र खुला ६०/४० प्रतिशतका माध्यमबाट गर्ने व्यवस्था गरेको छ । शिक्षक महासंघले ७५ प्रतिशत आन्तरिक हुनुपर्ने दबाब दिदैं आएको छ ।

विद्यार्थीले शिक्षकको व्यावसायिक क्षमता विकासका लागि व्यवस्थित प्रशिक्षण, अनुसन्धान र नवप्रवर्तनलाई समेट्ने टिचर्स एकेडेमी स्थापना गर्न सुझाव दिएका छन् । माग पूरा नभए विभिन्न दबावमूलक कार्यक्रम गर्दै भदौ २४ गतेदेखि प्रदर्शन थाल्ने नेविसंघ सभापति दुजाङ शेर्पाले बताए । प्रतिनिधिसभामा भदौ २५ गते विद्यालय शिक्षा विधेयक छलफल र पारित गरियोस् भन्ने प्रस्ताव पेश हुनसक्ने सम्भावित कार्यसूची रहेको छ ।

## हाम्रो कुरा

# खोरेतमुक्त अभियान र मासु निर्यात

नेपालका युवा सबै विदेशमा छन् र ग्रामीण क्षेत्रका बिकट बस्तीहरु क्रमश: सुनसान बन्दै गएको छ । युवा पलायन रोक्न नसक्दा हाम्रा पाखो बारी बाँझै भएका छन् । मासुजन्य बस्तु र कुखुराको अण्डामा हामी आत्मनिर्भर हुने अवस्थामा पुगेका छौं । हामीले अहिले नै निर्यात गर्नसक्ने सम्भावना कमै छ तर, सरकारले निर्यातको योजना बनाउन थालेको छ । छिमेकी मुलुक चिनमा रांगाको मासुको ठूलो माग छ र नेपालले त्यही मागलाई मध्यनजर गर्दै मासु निर्यातको सपना देख्न थालेको छ । पशुवधशाला तथा मासु जाँच एने लागू भएको २२ वर्ष भयो तर, अझै कार्यान्वयनमा आउन सकेको छैन । ब्यवस्थित र आधुनिक बधशाला नभएकै कारण मासु जाँच ऐन निष्प्रभाबी बनेको छ । २०५५ मा पशुवधशाला ऐन र २०५७ मा यसको नियमावली बनाएर सरकारले २०६० बैशाख १ गतेदेखि साबिक हेटौंडा नगरमा पशुबधशाला तथा मासु जाँच ऐन लागू भएको घोषणा गरेको थियो । तर, पूर्वाधार तयार नभइ घोषणा गरेको भन्दै मासु ब्यवसायीले अटेर गरेपछि अहिलेसम्म ऐन कार्यान्वयन हुन सकेको छैन । तर, प्रदेश सरकारले बागमती प्रदेशका चार पालिकामा खोरेतमुक्त अभियान सुरु गर्ने भएको छ । चीनमा भैंसीको मासु निर्यात गर्ने लक्ष्य सहित प्रदेश सरकारले अभियान सुरु गर्न लागेको हो ।

केहीवर्ष अघि हेटौंडा औद्योगिक क्षेत्रमा रहेको रिज्वाइन क्वालिटी फुड्स प्रालिले एक कन्टेनर राँगाको मासु परीक्षणका लागि चिन निर्यात गरेको थियो । र सुवागढी वा तातोपानी नाका भएर सडकमार्गबाट निर्यात गर्ने ब्यवस्था भएको खण्डमा ढुवानी भाडा पनि कम हुने र ढुवानी समय पनि आधा छोटिने थियो । तर, हेटौंडाबाट कन्टेनर ट्रकमा कोलकत्ता बन्दर्गाह लैजाने र त्यहाँबाट पानीजहाजमार्फत् भियतनाम, हङकङ हुँदै बेइजिङ पुऱ्याउँदा ढुवानी समय र लागत निक्कै बढेको पाइएको थियो । गतवर्ष पुसमा नेपाल र चीन सरकारबीच भैंसीको मासु निर्यातसम्बन्धी प्रोटोकल सम्झौता भएको थियो । सोही सम्झौता कार्यान्वयन गर्ने उद्देश्यले प्रदेशका सिन्धुली र मकवानपुरका चार पालिकालाई खोरेतमुक्त घोषणा गर्ने तयारी भएको हो । खोरेतमुक्त पालिका घोषणा भएपछि तीन वर्षभित्रै चीनमा मासु निर्यात सुरु गर्ने सरकारको योजना छ । सरकारले मकवानपुरको बागमती र बकैया गाउँपालिका तथा सिन्धुलीको हरि हरपुरगढी तथा मरिण गाउँपालिकालाई पहिलो चरणमा खोरेतमुक्त क्षेत्र घोषणा गर्ने तयारी गरेको छ । नेपाल–चीनबीच भएको द्विपक्षीय सहमतिअनुसार राँगा भैंसीको मासु चीन निर्यात गर्न निश्चित प्रोटोकल पालना गर्नुपर्ने शर्त रहेकाले सोही अनुसार खोरेतमुक्त अभियान सञ्चालनको तयारी थालिएको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाले जनाएको छ । नेपाल–चीनबीच भएको सहमतिअनुसार खोरेतमुक्त घोषणा नगरी मासु निर्यात सम्भव छैन । त्यसैले पहिलोचरणमा यी चार पालिकालाई खोरेतमुक्त बनाउन तालिम, सर्वेक्षण र खोप अभियान सुरु हुँदैछ । अभियानअन्तर्गत पहिलोचरणमा बागमती प्रदेशलाई खोरेतमुक्त क्षेत्र बनाउन चालू आर्थिक वर्ष २०८२/८३ मा पशुपहिचान तथा दर्तासम्बन्धी तालिम, स्थलगत इपिडेमियोलोजिकल तालिम, पालिकास्तरमा छलफल, प्रादेशिक निर्देशक समिति बैठक, आधारभूत सर्वेक्षण र खोप कार्यक्रम सञ्चालन गरिनेछ । यस्तै, निर्धारित क्षेत्रभित्र पाडापाडी पालन प्रोत्साहन कार्यक्रम ल्याइनेछ । यसअन्तर्गत कम्तिमा पाँचसय पाडापाडीको संख्या बढाउने लक्ष्य राखिएको छ ।

निर्यात हुने मासु संक्रमणमुक्त र गुणस्तरीय हुनैपर्छ । चीन सरकारको सर्तअनुसार मासु निश्चित रोगमुक्त क्षेत्रमा पालन गरिएका तीन वर्षभन्दा कम उमेर का राँगा–भैंसीबाट उत्पादन भएको हुनुपर्छ । मापदण्ड पुगेको वधशालाबाट मात्र मासु उत्पादन हुनुपर्ने, तातोमा प्रशोधन गरिएको र सुरक्षित प्याकेजिङसहित चीन पठाउनुपर्ने हुन्छ । निर्देशनालयका निर्देशक डा. गौरीमान श्रेष्ठले खोरेतमुक्त अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहमै सचेतनामूलक कार्यक्रमदेखि नियमित खोप अभियानसम्म सञ्चालन हुने बताए । उनले खोरेतविरुद्ध ६–६ महिनाको फरकमा खोप अभियान सञ्चालन गरिने बताए । खोरेत रोग नियन्त्रणका लागि प्रत्येक ६–६ महिनामा खोप अभियान चलाइनेछ । यस अभियानमा किसानको सक्रिय सहभागिता आवश्यक छ । निर्देशनालयको तथ्यांकअनुसार बागमती गाउँपालिका, बकैया गाउँपालिका, हरिहरपुर गढी गाउँपालिका र मरिण गाउँपालिकामा पशुको संख्या २ लाख ७७ हजार ३२१ छ । जसमा राँगा/भैंसीको मात्रै संख्या ३० हजार ८२६ छ । राँगा/भैंसी पालनको लागि उपयुक्त क्षेत्र भएका कारण नेपाल सरकारले बागमतीका यी ४ स्थानीय तहलाई मासु उत्पादनको जोन बनाएर चिनमा मासु निर्यात गर्ने निर्णय गरेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ १९ गते बिहीबार ४ सेप्टेम्बर २०२५ । द्वादशी, भाद्र कृष्णपक्ष । ञलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४४ सूर्यास्त ६:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | तुला | : रोकिएका काम सम्पादन हुनेछन् |
| वृष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | वृश्चिक | : पठन–पाठनमा प्रगति हुनेछ |
| मिथुन | : शुभ समाचार मिल्नेछ | धनु | : सभा–समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : व्यापार लाभप्रद रहनेछ | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : सन्तानको चिन्ता बढ्नेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# विद्यालय शिक्षाको गाँठो अझ कस्ने कि फुकाउने ?



✍ देवराज शर्मा

२०७२ असोजमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएको १० वर्षपछि विद्यालय शिक्षा ऐन जारी गर्ने तरखर भइरहेको छ । विद्यालय शिक्षा ऐन जारी भए त्यसले विक्रम संवत २०२८ को ऐनलाई प्रतिस्थापन गर्नेछ । अर्थात्, पछिल्ला ५४ वर्षदेखि पञ्चायतकालमै बनेको विद्यालय शिक्षा ऐन टालटुल गर्दै मुलुकको शिक्षा प्रणाली चल्दै आएको थियो । यसले पनि देखाउँछ कि विद्यालय शिक्षा ऐनको आवश्यकता कति आवश्यक बनिसकेको छ । तर, निकै लामो समयको ब्यग्रतापछि ऐन बन्ने प्रक्रियामा रहेको विद्यालय शिक्षा विधेयक २०८२ भने गर्भमै रोगी बनेर आएको छ । शिक्षा कुनै पनि देशको मेरुदण्ड हो । त्यसैले शिक्षा ऐनमा विशेष चासो रहन्छ । मुलुकका तमाम नागरिकलाई शिक्षित, दक्ष, राष्ट्रप्रेमी, करुणामयी, नैतिकवान बनाउने नै शिक्षाले हो । राम्रो शिक्षा प्रणाली बसाउन सक्ने ऐन निर्माण भए मात्र देशभित्रै दक्ष प्राध्यापक, डाक्टर, इन्जिनियर, पाइटल, वकिल, शिक्षक, पत्रकार, उद्योगी, व्यापारी, व्यवसायी, उत्पादन हुन सक्छ ।

त्यसैले भविष्यको चिन्ता गर्ने राष्ट्रहरूले शिक्षा क्षेत्रको प्रगति र उन्नतिका लागि सकेसम्म सर्वस्वीकार्य, दीर्घकालीन प्रभावकारी र परिणामुखी शिक्षा ऐन बनाउने गरेका छन् । हाम्रो सन्दर्भ अलि भिन्न छ । वर्षौंको प्रतीक्षा पछि आउँदै गरेको शिक्षा ऐन जारी नहुँदै विवादको भुमरीमा परेको छ । सरकारले ल्याएको विद्यालय शिक्षा विधेयक २०८२ यतिबेला मूलहाउसमा छ । उपसमितिमा छलफलपछि गत भदौ ५ गते विद्यालय शिक्षा विधेयक शिक्षा, स्वास्थ्य, सूचना तथा सञ्चार समितिमा पुगेको थियो । भोलिपल्टै त्यहाँबाट पारित भएर प्रतिनिधिसभामा प्रस्तुत भएको हो । ऐन निर्माण गर्ने थलो विधायिकामै विद्यमान विधेयकबारे अनेक आशंका व्यक्त भइरहेको छ । सत्तापक्ष बहुमतको बलमा अघि बढेपछि विपक्षी दलका सांसदहरूले शिक्षाजस्तो गम्भीर र दूरगामी महत्वको क्षेत्रमा पनि सरकारले बलमिच्याइं गरेको भन्दै सार्वजनिक आलोचना गरेका छन् ।

सदनभित्र ऐन निर्माणको प्रक्रिया करिब अन्तिम चरणमा पुगेका बेला सदनबाहिर सडकमा सरोकारवालाहरू आन्दोलित हुन थालेका छन् । राजनीतिक दल, सरोकारवाला समिति, उपसमिति र शिक्षक महासंघबीचको असमझदारी, राजनीतिक अकर्मण्यता, पूर्वाग्रही सोच र असंवेदनशीलताको कारण यो विषय झन्झन पेचिलो बन्दै गएको छ । विशेषत: विगतमा विभिन्न सरोकारवाला पक्षहरूसँग भएका सहमतिलाई नजरअन्दाज गर्दै सरकारले एकलौटी रूपमा विधेयक अघि बढाएको भन्दै आक्रोश चुलिँदो छ । सरकारले विधेयक ल्याउँदा समेट्न नसकेका विषयवस्तु उपसमिति र समितिबाट समेटिने आशामा सरोकारवालाहरू थिए । तर, त्यसो नभएपछि सम्बन्धित शिक्षक संगठनहरू, शिक्षक महासंघ, विद्यायलय कर्मचारी र विद्यार्थी संगठनहरूसँग असन्तुष्ट बनेका हुन् ।

२०७५, २०७८, २०८०, २०८१ र २०८२ मा प्रधानमन्त्री बनेका माधवकुमार नेपाल, पुष्पकमल दाहाल प्रचण्ड, केपी शर्मा ओली, शेर बहादुर देउवा नेतृत्वको सरकारले सम्बन्धित शिक्षक संघसंगठनहरूसँग पटकपटक सम्झौता गरेका थिए । ती सम्झौतामा हस्ताक्षर गरेकाहरूदेखि साक्षी रहेकाहरू अहिले पनि प्रधानमन्त्री छन्, मन्त्री छन्, सांसद छन् र कतिपय पार्टीको जिम्मेवार पदाधिकारी छन् । तर, सहमति कार्यान्वयनमा उनीहरूले चासो नदिँदा देशको शैक्षिक अवस्था एकपटक पुन: संकटको अवस्थामा पुगेको छ ।

**राज्यको संवेदनशिलताको कमजोरी**

२०४९ मा प्रवीणता प्रमाणपत्रतह फेजआउट गरी उच्च मावि तह (कक्षा ११ र १२) सञ्चालन गर्ने र सो तहमा विश्वविद्यालयका उपप्राध्यापकसरहको योग्यता स्नातकोत्तर तह उत्तीर्ण शिक्षकहरू माध्यमिक द्वितीय श्रेणीमा नियुक्त गर्ने र उनीहरू सरह सेवासुविधा दिने गरी उच्च माध्यमिक शिक्षा परिषद् गठन भएको थियो । बितेका ३३ वर्षमा परिषद्का कयौं स्थायी कर्मचारी अवकास गए तर सो निकाय मातहतका शिक्षकले स्थायी सेवा प्रवेशको लागि प्रतिस्पर्धा गर्ने अवसर सम्म पाएनन् । यसरी 'कोहीलाई दहीमा चिनी, कोहीलाई एक थोपा पानी' भनेजस्तै अवस्था बन्यो । साविकको उच्च मावि तहमा देशभर करिब ३० हजार शिक्षक कार्यरत छन् । सरकारको दर बन्दी र अनुदान कोटामा जम्मा ६ हजारले मात्र मावि द्वितीय श्रेणीको शुद्ध तलब पाएका छन् । पछिल्लो ३० वर्षमा तिनै शिक्षकले पढाएका कयौं विद्यार्थी राजनीतिक दलका प्रभावशाली नेता बनिसकेका छन् ।

सांसद र मन्त्री बनिसकेका छन् । तर, आफ्नै गुरुहरूमाथि भएको अन्यायविरुद्ध बोल्ने र न्याय दिलाउने जिम्मेवारी पूरा गर्न उनीहरू चुकिरहेका छन् । यसबाट निराशा बनेका शिक्षकहरू यतिबेला बाध्य भएर सडकमा निस्किने तयारीमा लागेका हुन् । सरकारले २०५७ सालदेखि बाह्य र आन्तरिक श्रोतबाट सेवा सुविधा व्यवस्थापन गर्ने गरी प्रावि तहमा र २०६३ सालदेखि निमावि र मावि तहमा समेत राहत शिक्षक नियुक्ति प्रक्रिया अगाडि बढाएको थियो । ती शिक्षकहरूलाई पनि अहिलेसम्म स्थायी सेवा प्रवेशको अवसर प्रदान गरिएको छैन । ज्यादै न्युन पारिश्रमिकमा कार्यरत विद्यालय कर्मचारी र विद्यालय सहयोगी कर्मचारीहरूको पीडा झन् दयनीय छ ।उनीहरूलाई सरकारले तलबभत्ताको व्यवस्था नगर्दा विद्यालयले आन्तरिक स्रोत व्यवस्थापनका लागि बाध्य भएर विद्यार्थीहरूबाट शुल्क उठाउनु पर्ने अवस्था बनेको छ । यसले प्रत्येक नागरिकले नि:शुल्क र अनिवार्य शिक्षा पाउने संविधानको परिकल्पना सरकारकै कारण उलंघन भइरहेको छ ।

योसँगै विगत लामो समयदेखि विद्यार्थी शिक्षक अनुपात अनुरुपको दरबन्दी व्यवस्था नगरी विद्यालय सञ्चालन अनुमति दिने गरिएको छ । मावि तहमा हरेक विषयगत शिक्षकको व्यवस्था नगर्दा आन्तरिक रूपमा विद्यालयले आन्तरिक स्रोतबाट भए पनि विषयगत शिक्षक नियुक्ति गर्नुपर्ने बाध्यता छ । जसका कारण विद्यालयका प्रअ र विद्यालय व्यवस्थापन समितिलाई गैह्र कानुनी रूपमा काम गर्न सरकारले नै बाध्य पारिरहेको छ । अर्थात्, सरकारले नै आन्तरिक आम्दानीको स्रोत नहुने विद्यालय प्रशासनलाई जबरजस्ती भ्रष्टाचार गर्नुपर्ने अवस्थामा पुऱ्याएको छ । अर्थात, आन्तरिक श्रोत नहुँदा आन्तरिक श्रोतका कर्मचारीलाई एक शीर्षकको रकम रकमान्तर गरी पारिश्रमिक र सेवा दिनुपर्ने बाध्यता देशभरका विद्यालयले भोग्दै आएको तितो यथार्थ हो ।

अर्कोतर्फ, संविधानको गम्भीर उल्लंघन त शिक्षा मन्त्रालयले नै गरेको छ । २०७२ सालमा संविधान जारी भयो र स्थानीय तहलाई माध्यमिक तहसम्मको विद्यालयको व्यवस्थापनको जिम्मेवारी अधिकार क्षेत्र निर्धारण विद्यालय शिक्षालाई आधारभूत तह कक्षा १ देखि ८ सम्म र माध्यमिक तह कक्षा ९ देखि १२ सम्म बनायो । तर संविधानविपरीत निमावि तहका कक्षा ६ देखि ८ सम्मको शिक्षकका लागि विज्ञापन खुलाई शिक्षक भर्ना गरिरहेको छ । सरकारले ल्याएको विद्यालय शिक्षा विधेयकले निजी क्षेत्रलाई गुठीमा रुपान्तरण गर्ने संविधानको भावनालाई बोक्न सकेन र कम्पनी ऐन मार्फत वा गुठीमा जान स्वइच्छा प्रदान गरेका निजीका विद्यार्थीलाई उपलब्ध गराउने छात्रवृत्ति खुम्च्याउन पुग्यो । विधेयकमाथिको असन्तुष्टिको कारण निजी विद्यालय संचालकहरूको संगठन प्याब्सन र एनप्याब्सनले आन्दोलनको कार्यक्रम अगाडि बढाएका छन् ।

घरमै हेरविचार गर्नुपर्ने बालबालिकालाई राज्यले विद्यालयमा बानी पार्ने उद्देश्य लिई ईसीडी कक्षा सुरु गर्ने नीति ल्यायो । तिनै साना नानीबाबुलाई कलम समाउन सिकाउने, अक्षर चिन्न सिकाउने र उनीहरूका दिसा-पिसाब सोहोर्ने शिक्षक अहिले राज्य, नेता र कर्मचारीको नजरमा अयोग्य बन्न पुगे । शिक्षक अध्यापनमा व्यस्त हुनु पर्ने हुँदा विद्यालयको प्रशासन र लेखा अव्यवस्थित हुन्थ्यो । जसका कारण प्रशासन र लेखाको ज्ञान भएका कर्मचारी विद्यालयले राख्नै पर्ने भयो । विद्यालय रेखदेखको लागिसहयोगी कर्मचारीको व्यवस्थापन अनिवार्य भयो । तर तिनलाई योग्यता र क्षमताको आधारमा पारिश्रमिक र अन्य सेवा-सुविधा दिइएन । वर्षौंदेखि न्युन पारिश्रमिकमा काम गरिरहेका ती कर्मचारीलाई समेत अहिले सरकारले सम्बोधन गर्न सकेन ।

यी समस्याका बाबजुद विद्यालय शिक्षा विधेयकले केही राम्रा व्यवस्थाहरु गरेको छ ।

१. निजी लगानीका विद्यालय सम्बन्धमा: गुठी र कम्पनी कानुन अनुसार सञ्चालन हुन सक्ने व्यवस्था गरिएको छ । कम्तीमा १० प्रतिशत छात्रवृत्ति र ३ प्रतिशत आवासीय सुविधा विपन्न वर्गलाई दिनुपर्ने व्यवस्था छ ।
२. दुई वर्षको ईसीडी राख्ने: कक्षा १ मा भर्ना हुनुअघि दुई वर्षे बाल कक्षा सञ्चालन गर्ने सो व्यवस्था निजी र सामुदायिक सबै विद्यालयमा लागू हुने भनिएको छ ।
३. एसईई प्रदेश तहमा रहने: विगतमा कक्षा १० पछि सञ्चालन हुने एसएलसीको मान्यता १२ कक्षालाई दिइएको थियो । र, राष्ट्रियस्तरमा एसईई परीक्षा सञ्चालन हुने गरेको थियो । तर, अब एसईई परीक्षा प्रदेश तहले गर्ने गरी सहमति जुटेको छ ।
४. शिक्षकको बढुवा: आवधिक बढुवाको जोड भइरहँदा शिक्षक बढुवाको लागि कार्यसम्पादन मूल्यांकन, आन्तरिक प्रतियोगिता र सेवाअवधि र अनुभवलाई मुख्य आधार बनाउने व्यवस्था गरिएको छ ।
५. सबै प्रकारका अस्थायी र करार शिक्षक: सबै प्रकारकार अस्थायी र करार राहत तथा साविक उच्च मावि तहका शिक्षकहरू आन्तरिक ६० प्रतिशतमा र ४० प्रतिशत खुला प्रतिस्पर्धा मार्फत समायोजन तथा पद पुर्ति गरिनेछ । अन्य सबै राहत करार सोही तहमा तर साविक उच्च मावि तह अर्थात् मावि द्वितीय श्रेणीमा कार्यरत अनुदान र दरबन्दीमा कार्यरत शिक्षकको एक तह घटेर मावि तृत्तीय श्रेणीमा प्रतिस्पर्धा गराउने व्यवस्था गरिएको छ ।
६. सरुवा सम्बन्धि व्यवस्था: पालिकाभित्र पालिकाद्वारा २ वर्षमा र अन्तर जिल्ला प्रदेशद्वारा सरुवा हुने तर ५ वर्षको न्युनतम अवधि कायम रहने व्यवस्था विधेयकमा छ ।
७. पेन्सन सम्बन्धि व्यवस्था: सबै प्रकारका शिक्षक र विद्यालयसँग सम्बन्धित कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा जोड्दै लैजाने भनिएको छ ।
८. विद्यालय गाभ्ने र बन्द गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ ।
९. प्रधानाध्यापक सम्बन्धि व्यवस्था: प्रधानाध्यापकका लागि आधारभूत विद्यालय ८ कक्षासम्म जिल्लागत प्रतिस्पर्धाबाट र माध्यमिक तह प्रदेशगत प्रतिस्पर्धाबाट ५ वर्षको कार्यसम्पादन सम्झौता गर्नुपर्ने उल्लेख छ ।

यी केही राम्रा विषयवस्तुका बाबजुद विगतमा पटकपटक सरकारसँग भएका सम्झौता विधेयकमा समेटेको छैन । जसका कारण असन्तुष्टिको आवाज चर्को सुनिएको छ ।

**सुधारका लागि सुझाव**

- अस्थाई प्रकृतिका सबै शिक्षकलाई ७५ (पहिलो १००) प्रतिशतमा आन्तरिक प्रतिस्पर्धा गराइनुपर्ने ।
- साविक उच्च मावि तह कक्षा ११ र १२ मा अध्यापनरत शिक्षकलाई मावि द्वितीय श्रेणीमा नै तोकिएबमोजिम आन्तिरिक प्रतिस्पर्धा हुने व्यवस्था गरिनुपर्ने ।
- गोल्डेन ह्यान्डसेकको रकम तोकिनुपर्ने ।
- शिक्षकको आवधिक बढुवा हुनुपर्ने ।
- विद्यालय कर्मचारीको पद र पारिश्रमिक तोकिएर जानुपर्ने ।
- म्याद सकिएका अध्यापन अनुमतिपत्र लाइसेन्सको म्याथ थपिनुपर्ने ।
- कर्मचारीलाई स्थानीय तह, प्रदेश र संघ छनोटको सुविधा एक तह बढुवासहित दिने तर शिक्षकलाई जबरजस्ती स्थानीय तहमा धकेल्ने बाध्यकारी व्यवस्था खारेज गर्नुपर्ने ।
- शिक्षण काउनसिलको व्यवस्था गरिनुपर्ने ।
- राष्ट्रिय परीक्षा बोर्डमा शिक्षकको प्रतिनिधित्व हुनुपर्ने ।
- आधारभूत तह स्थानीय तह र माध्यमिक तह प्रदेश मातहत हुने व्यवस्था गरिनुपर्ने ।
- विद्यालयमा विभिन्न बहनामा लिइने सबै प्रकृतिका शुल्क लिन नपाउने गरी कानुनी व्यवस्था गरिनुपर्ने ।
- निजी र संस्थागत विद्यालयका शिक्षकको पेशागत सुरक्षा र समान सेवा सुविधासँगै सामाजिक सुरक्षा कोषमा अनिवार्य व्यवस्था गरिनुपर्नेलगायत पूर्वसहमति र सम्झौता बमोजिमको व्यवस्था ऐनमा समावेश हुनुपर्ने रहेका छन् ।

शिक्षा आफैंमा राज्यको संवेदनशील क्षेत्र हो । तसर्थ विद्यालय शिक्षा विधेयक विगतदेखि वर्तमानमा भोग्दै आएका समस्या समाधानका लागि मात्र नभएर भावी दिनको मार्गदर्शक बन्नुपर्दछ । सबै सरकारी सेवा सुविधा लिने व्यक्तिका बालबच्चा अनिवार्य सरकारी विद्यालयमा भर्ना गरिनुपर्ने, माध्यमिक तहसम्मको शिक्षा पूर्णतय नि:शुल्क हुनुपर्ने, आधारभूत तह, १–५, ६–८ भएझैं, मावि तह पनि ९–१० र ११–१२ बनाउनु पर्ने देखिन्छ ।

यस्तै, आधारभूत तह स्थानीय, माध्यमिक तह प्रदेश र उच्च शिक्षा संघ मातहतले हेर्ने गरी व्यवस्था गर्नुपर्ने, कम्तीमा दुई वर्ष अवधि पूरा भएपछि मात्र शिक्षक सरुवा गर्नु पर्ने, निजी विद्यालयहरूलाई निश्चित अवधिपश्चात गुठीमा लैजाने व्यवस्था गर्नुपर्नेजस्ता महत्वपूर्ण सुझावलाई ऐनका रुपमा आउँदा समेटिन सकियो भने लामो समयसम्म विद्यालय शिक्षा ऐनको उपदायता रहनेछ । अन्यथा, ऐन जारी भएपछि पनि विद्यालय शिक्षाभित्र देखिएका गाँठाहरू फुक्नेछैनन् । झन् जेलिँदै जाँदा समग्र शिक्षा क्षेत्रमै त्यसको असर पर्नेछ ।

*(साभार: अनलाइनखबर)*

# देशको निकास र विकासका लागि नयाँ राजनीतिक केन्द्र

✍ सुरवीर सी

नेपालमा मुख्य राजनीतिक दल र तिनका नेताहरुबाट निकास र विकास सम्भव छैन भन्ने आम नागरिकले बुझिसकेका छन् । त्यही पनि जनता उही नेताको पछि किन लागिरहेका छन् ? यो प्रश्नको जवाफ खोज्ने बेला भएको छ । यसको जवाफ कसले खोज्ने र दिने भन्ने गोलचक्करमा देश निस्सासिएको छ । आजको दिनमा निश्चित रुपमा हामीले यसको सही जवाफ र निकासको बाटो दिने बेला भएको छ । नेपालमा जनता मात्र होइन, राजनीतिक दलको नेतृत्व नै यो व्यवस्थाबाट सम्भव छैन भन्ने बुझाइमा पुगेको छ । नेताले पनि यो व्यवस्थाबाट पार लाग्दैन भन्ने उही व्यवस्थालाई नै टिकाउनतिर लाग्ने, जनता पनि यो व्यवस्था, नेतृत्व र पार्टीबाट हुँदैन भन्ने, तर उही नेता र पार्टीको पछि लाग्ने विचित्रको परिवेश नेपालमा सिर्जना भएको छ । यो अवस्था कहिलेसम्म रहने हो भन्ने बहस थोरै सचेत वृत्तमा सुरु भएको छ ।

प्रजातान्त्रिक भनिने र लोकतन्त्रको मसिया ठान्ने नेपाली कांग्रेसमा उमेरलाई आधार मानेर मूल नेतृत्व परिवर्तन गरेर समस्याको हल गर्नुपर्ने बहस सुरु भएको छ । तर त्यो बहस आजको भोलि सार्थकता पाउने स्थितिमा पुगेको छैन । यो कुनै विकल्पको बहस पनि होइन, नेतृत्वमा पुग्ने थोत्रो नारा मात्रै हो । नयाँ भनिने रास्वपाले पुरानो पार्टीको पुरानो नेताबाट देश बन्दैन भन्दै केही महिना त हुरुङ्कार फुकेको थियो । तर आफ्नै ताल उही पुरानाकै जस्तफ भएपछि त्यसको व्याख्या गरिरहनु परेन । अब कुरा गरौं, प्रगतिशील विचार बोक्ने कम्युनिस्ट क्रान्तिकारीहरुको । नेकपा एमाले जसले आफूले आफैँलाई नेपालको धर्ती नै ऊविना नचल्ने स्वघोषणा गरेको छ । आफ्नै पार्टीको पूर्वउपाध्यक्ष र राष्ट्रपति बनेकी विद्या भण्डारीको पार्टी सदस्यता नवीकरण नगरेको विषयलाई लिएर पूरै पार्टी नै उनले कब्जा गरे जसरी अहिले एमालेमा रोइकराइ छ । पार्टी सदस्यता नवीकरण नै खारेज भएको, नवीकरण गर्न नमिल्ने बहादुरी देखाइरहेका छन् । यी सबै कुराले स्पष्ट हुन्छ कि एमाले विकल्प होइन, विकल्पविहीन विघटनको दिशामा उन्मुख छ ।

यस्तै अर्को कम्युनिस्ट पार्टी नेकपा माओवादी केन्द्र, जसका नेतृत्वकर्ता प्रचण्ड बिहानदेखि बेलुकासम्म आफ्नो अस्तित्व संकटको रक्षार्थ दायाँ र बायाँ, उत्तर र दक्षिण, पूर्व र पश्चिम, नयाँ र पुरानोको दैलो चहार्दा ठिक्क छन् । अब उनीबाट के आशा राख्न सकिन्छ ? आफू बाँचुञ्जेल जसरी भए पनि, जसको पाउ परेर भए पनि आफ्नो निजी जीवन र आफू वरिपरिको निश्चित आसेपासे समूहको रक्षासम्म गर्न सक्छ, उसबाट विकल्पको आश गर्नु मरेको लासलाई जिउँदो बनाउँछु भन्नुजस्तै हो । अब अर्को अन्तिम विकल्पको रुपमा नयाँ राजनीतिक केन्द्र निर्माण गर्न लागिपरेका कम्युनिस्ट पार्टीको चर्चा गरौं । नेपालमा कम्युनिस्ट पार्टीहरु दुई धारमा विभाजित छन् । विद्यमान संसदीय व्यवस्थालाई नै आफ्नो मुख्य राजनीतिक मार्गचित्र मान्ने धार, जसको नेतृत्व केपी ओली, प्रचण्ड र माधव नेपालहरुले गरिरहेका छन् । त्यसको मूल चरित्रबारे माथि नै चर्चा गरियो ।

अर्को विद्यमान संसदीय व्यवस्थाबाट आजको समस्याको निकास र समाधान सम्भव छैन भन्ने निष्कर्ष निकाली समाजवादी यात्रामा लामबद्ध विप्लव लगायत केही साना कम्युनिस्ट पार्टीको नेतृत्व गरिरहेको धार हो । विशेषगरी यो आलेखमा चर्चा र व्याख्या गर्न खोजिएको विषयमा प्रवेश गरौं । गत साउन ६ गते राष्ट्रिय सभागृहमा ४७ औं पुष्पलाल स्मृति दिवसका सन्दर्भमा 'स्कुल अफ मार्क्सिज्म'ले आयोजना गरेको वर्तमान राजनीति र कम्युनिस्ट आन्दोलन विषयक कार्यक्रममा युवाजमातको बाक्लो उपस्थिति थियो । सम्भवत: निकै समयपछि क्रान्तिकारी युवाहरुको जोसिलो र उत्साहपूर्ण उपस्थिति भएको कार्यक्रम थियो त्यो । त्यसको कारण थियो, उक्त कार्यक्रममा वक्ताको रुपमा उपस्थित नेकपाका महासचिव विप्लव, नेकपा एकृकृत समाजवादीका महासचिव घनश्याम भुसाल र नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा । यी तीनै जना नेता आजको नेपालको कम्युनिस्ट आन्दोलनमा चर्चाको शिखरमा छन् ।

कार्यक्रममा पहिलो वक्ताको रुपमा बोलेका जनार्दन शर्माले आफ्नै पार्टी अध्यक्ष प्रचण्डबाट अबको माओवादी आन्दोलनको उपलब्धिको रक्षा असम्भव रहेकाले नेतृत्व युवापुस्ताले लिनुपर्ने उद्घोष गरे । दोस्रो वक्ता भुसालले पनि उही शैलीमा केपी ओलीको विचलन र विघटनको फेहरिस्तदेखि माधव नेपालको भ्रष्टाचार काण्डसम्मको व्याख्या गरे । उनले अबको निकास र नेतृत्व उनीहरुबाट असम्भव भन्दै आफू र आफ्नो पुस्ताले लिने उद्घोष गरे । अन्तिम वक्ताको रुपमा बोल्दै विप्लवले नेपालको कम्युनिस्ट आन्दोलन विघटनको दिशातिर उन्मुख रहेकाले त्यसको पुनर्गठन जरुरी रहेको बताए । कम्युनिस्ट पार्टीमा ध्रुवीकरण, नयाँपुस्ता, नयाँ नेतृत्व र नयाँ केन्द्र निर्माणको आवश्यकता भएको र त्यसका लागि आफू तयार भएको उनको घोषणा थियो ।

यसै सन्दर्भमा विप्लव लेख्छन्- 'जसले संगठन र नेतृत्वमा नयाँ भन्छन्, तर तिनको राजनीतिक विचार, व्यवस्था, प्रणालीसम्बन्धी दृष्टिकोण पुरानो नै छ । यही व्यवस्थालाई ठिक मान्ने तर नेता मात्र फेरे पुग्छ भन्ने सोच वास्तवमा नयाँ होइन, हुन सक्दैन, पुरानै हो र हुन्छ । नयाँ पाटो यो हो, जसले विचार, व्यवस्था, नेतृत्व, व्यवहार सबै नयाँ आवश्यक ठान्छ । जे भए पनि एकदमै छर्लङ्ग छ जति नै विधि, नियम, मान्यताका झ्याली छाँटे र डण्डा बर्साए पनि पुराना पार्टी, नेतृत्व र केन्द्रले काम गर्नेवाला छैनन् । नयाँको उदय अवश्यम्भावी भइसकेको छ । नयाँको आगमनलाई सचेततापूर्वक भित्र्याउन तयार हुनैपर्छ ।' यति कुरा स्पष्ट भइसकेपछि नयाँ राजनीतिक केन्द्र निर्माणको पहलकदमी, नेतृत्व र संरचना कसरी बन्छ भन्ने विषयमा जाऔं । नेपालको आम जनमत कम्युनिस्ट मत हो । त्यो आजका दिनमा यो भन्दा बाहिर जाने सम्भावना छैन र जान दिनु पनि हुँदैन । तर आज केही 'पपुलिस्ट' पार्टीहरुले तोडमोड गर्ने कोसिस गरिरहेको भए पनि त्यो सम्भव छैन, केही दायाँबायाँ भएको पनि आजको विद्यमान फासिस्ट, अराजक, पदलोलुप, अवसरवादी कम्युनिस्ट खोल ओढेको दानवी तत्वका कारण हो ।

यति भन्न सकिन्छ, नेकपाका महासचिव विप्लवले तत्कालीन माओवादीको मूल नेतृत्व प्रचण्डको पुरानो सत्तासामु आत्मसमर्पण र वर्ग विचलनता विरुद्ध विद्रोह गर्दै निरन्तर क्रान्तिको बाटो पकडिरहेका कारण उनकै पहलकदमी र नेतृत्वमा नयाँ राजनीतिक केन्द्र निर्माण हुने सम्भावना बढेको छ । तर समग्र नयाँ राजनीतिक केन्द् निर्माणको संरचना नेपालको भूराजनीतिक अन्तरसम्बन्धका कारण विप्लवबाट मात्र अलि कठिन छ, त्यो सत्यलाई हामीले लुकाउनु हुँदैन ।

*(साभार: रातोपाटी)*

# संविधान बनेको एक दशकमा बल्ल टुंगियो निजामती कानुन




काठमाडौं/संविधान जारी भएको १० वर्षमा बल्ल संविधानले परिकल्पना गरेको संघीय निजामती सेवासम्बन्धि कानुनको अन्तिम टुंगो लागेको छ । संघीय संसद्का दुवै सदनबाट विधेयक पारित भएपछि अब ठोस रुपमा प्रशासनिक संघीयता कार्यान्वयनको ढोका खुलेको छ । मंगलबार राष्ट्रिय सभाबाट पारित भएको विधेयक सभामुख हुँदै राष्ट्रपति कहाँ पुगेर प्रमाणीकरण भएपछि ऐनको रुप लिनेछ ।

राजनीतिक र प्रशासनिक स्वार्थको टकरावका कारण कानुन बन्न नसक्दा संघीयताको एउटा प्रमुख पाटोको रुपमा रहेको प्रशासनिक संरचना केन्द्रिकृत ढाँचामै चलिरहेको थियो । अब प्रशासनको प्रादेशिक संरचना तयार गर्न यो सहज हुनेछ । यो कानुनको आधारमा अब प्रदेशले प्रदेश निजामती सेवा ऐन बनाएर कर्मचारी भर्ना गर्न सक्नेछन् । अहिले पनि प्रदेशहरुले आवश्यकता अनुसार कर्मचारी राख्दै आएका छन् । यो विधेयकले कर्मचारीबाट अवकाश प्राप्त गरेलगत्तै सरकारी निकायमा पुन: नियुक्तिमा जाने कर्मचारीतन्त्र भित्र मौलाइरहेको विकृति अन्त्य हुने आधार तयार गरेको छ ।

निजामती सेवाबाट अवकाश पाउनलेले अब दुई वर्षसम्म अन्य कुनैप्रकारको राजनीतिक नियुक्तिमा प्रवेश पाउने छैनन् । यसले पदमै रहँदा अवकासपछिको जागिर सुरक्षित गर्न त्यसका लागि सबै प्रकारका गतिविधि गर्ने कर्मचारीतन्त्रभित्र मौलाइरहेको विकृतिमा अब लगाम लाग्ने छ । यो प्रावधान नराख्नका लागि राजनीतिक र प्रशासनिक रुपमा ठूलो रस्साकस्सी चल्यो । तर दुवै सभाले अन्तत: दुई वर्षको कुलिङ अफ पिरियड राख्ने निर्णय गरे । कुलिङ अफ पिरियड भनेको सर कारी कर्मचारीका लागि राजीनामा दिएपछि वा अवकाश पाएपछि निश्चित समय अन्य काम गर्न रोक लगाउने प्रावधान हो ।

मंगलबार राष्ट्रिय सभाबाट विधेयक पारित गर्नु अगाडि सभामा बोल्दै नेपाली कांग्रेसका सांसद कृष्णबहादुर रोकायाले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसारको कर्मचारीतन्त्रको अभ्यास सुरु भएको बताए । उनले भनेका छन्, 'प्रशासनिक संघीयता कार्यान्वयन गर्न यसले अत्यन्त महत्वपूर्ण योगदान पुऱ्याउनेछ । कुलिङ अफ पिरियड राखेर एउटा इतिहास निर्माण गर्ने काम गरेका छौं ।' मंगलबार राष्ट्रिय सभाबाट पारित भएको विधेयकमा सरकारी कर्मचारीका लागि दुई वर्ष कुलिङ अफ पिरियड लागू हुने प्रावधान छ । जहाँ भनिएको छ, 'संघीय निजामती सेवा वा अन्य सरकारी सेवाको राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले राजीनामा स्वीकृत भएको वा सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक, कूटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति पाउने छैन ।'

यो प्रावधान निश्कृय हुने भाषा विधेयकको प्रतिवेदनमा परेको भनेर प्रतिनिधि सभामा प्रश्न उठेपछि संसदीय विशेष छानबिन समिति नै बनाएको थियो । नेपाली कांग्रेसका सांसद जीवन परियार नेतृत्वको संसदीय विशेष समितिले गम्भीर त्रुटि भएको निष्कर्ष निकालेको थियो । उक्त निष्कर्ष अनुरुप त्रुटि सच्याएर राष्ट्रिय सभाले सरकारी कर्मचारीका लागि कुलिङ अफ पिरियड लागू हुने गरी विधेयक अगाडि बढाएको हो ।

कुलिङ अफ पिरियडको प्रावधानका सन्दर्भमा पनि उच्च पदस्थ राजनीतिक र प्रशासनिक व्यक्तिहरूबाटै चलखेल भएको थियो । मुख्यसचिव एकनारायण अर्यालदेखि बिभिन्न मन्त्रालयका सचिवहरू कुलिङ अफ पिरियड लागू गर्न नहुने भनेर लागेका थिए । त्यसमा सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले समर्थन जनाएको थियो । राष्ट्रिय सभामा एमालेका पाँच जना सांसद र राष्ट्रपतिबाट मनोनित सांसद अन्जान शाक्यले निजामती विधेयकमा कुलिङ अफ पिरियडको प्रावधान नराख्ने भनेर संशोधन राखेका थिए । तर अन्त्यमा सबैको सहमति भयो ।

### संघीयता कार्यान्वयनको दोस्रो खुड्किलो

नेकपा माओवादी केन्द्रका सांसद गोपीबहादुर सार्की अछामीका अनुसार संघीयता कार्यान्वयनको पहिलो खुड्किलो राजनीतिक संघीयता हो । जो २०७४ सालमा तीन तहको चुनाव भएदेखि नै कार्यान्वयनमा छ । तर, मुलुक संघीयताको अभ्यासमा गएको १० वर्षसम्म संघीयता कार्यान्वयनको दोस्रो खुड्किलो प्रशासनिक संघीयता लागू भएन भन्ने विषय अब चिरिएको छ । 'संविधान जारी भएसकेपछि राजनीतिक संघीयता सफल भयो । तर, प्रशासनिक र वित्तीय संघीयता कार्यान्वयनमा आउनै सकिरहेको थिएन र संघीयतामाथि नै कतिपयले प्रश्न उठाउन थालेका थिए,' उनी भन्छन्, 'त्यो प्रश्न(संघीयतामाथिको प्रश्न)को जवाफ आज हामीले साङ्गोपाङ्गो दिएका छौं ।'

प्रशासनिक संघीयता कार्यान्वयन भएपछि शासन व्यवस्था समेत विकेन्द्रिकृत हुने उनको विश्वास छ । 'राजनीतिक शासन अनुकुल प्रशासनिक शासन व्यवस्थालाई व्यवस्थित गर्दै जाने उद्देश्यमा हामी एक हिसाबले सफल भएका छौं ।' राष्ट्रिय सभाबाट पास भएको विधेयकले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत बढीमा १० वर्षसम्म संघीय सेवाबाट रहने व्यवस्था छ । प्रदेश प्रमुख सचिव संघीय निजामती सेवाकै हुनेछ । प्रदेश मन्त्रालयको सचिव भने १० वर्षसम्म संघीय निजामती सेवाको हुनेछ । विधेयकको दफा ११४ अनुसार प्रदेश निजामती सेवामा अधिकृत एघारौं तहसम्मका पदहरू रहनेछन् ।

'तर यो ऐन प्रारम्भ भएको दश वर्षपछि प्रदेश निजामती सेवामा अधिकृत बाह्रौं तहसम्मका पद कायम हुनेछन्' विधेयकमा छ । प्रदेश निजामती सेवाको गठन, सेवाको सर्तको निर्धारण तथा सञ्चालन भने संघीय ऐनमा तोकिएको मापदण्डको अधीनमा रही प्रदेश कानूनबमोजिम नै हुनेछ । विधेयकको दफा ११५ अनुसार प्रदेश सरकारको प्रमुख सचिवको पद संघीय निजामती सेवाको पद हुनेछ । यसमा नेपाल सरकारले संघीय निजामती सेवाको अधिकृत तेह्रौं तहका निजामती कर्मचारीमध्येबाट खटाउनेछ ।

विधेयकको दफा ११६ मा प्रदेश सचिवको व्यवस्था छ । जहाँ प्रदेश मन्त्रालयको सचिवको पद प्रदेश निजामती सेवाको बाह्रौं तहको पद हुने भनिएको छ । 'तर, यो ऐन प्रारम्भ भएको दश वर्षसम्म नेपाल सरकारले संघीय निजामती सेवाको बाह्रौं तहको कर्मचारीलाई प्रदेश मन्त्रालयको सचिवको रुपमा कामकाज गर्न खटाउनेछ' दुवै सभाबाट पारित भएर अगाडि बढेको विधेयकमा छ । अर्थात्, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत बढीमा १० वर्षसम्म संघीय निजामती सेवाको र प्रदेश मन्त्रालयको सचिव पद १० वर्षसम्म संघीय निजामती सेवाको हुने व्यवस्था छ ।

यही प्रावधान देखाएर माओवादी केन्द्रका सांसद मायाप्रसाद शर्मा संघीयतालाई पूर्ण रुपले अधिकार सम्पन्न गर्ने गरी विधेयक अगाडि बढाउन नसकिएको बताउँछन् । तथापि उनी खुसी छन् । सांसद शर्मा भन्छन्, 'संघीयतालाई पूर्ण रुपले अधिकार सम्पन्न गर्न नसकिएता पनि यसले प्रशासनिक संघीयता कार्यान्वयनको बाटो खोलेको छ ।'

### अवकाशमा चलखेल प्रयास निस्फल

संघीय निजामती सेवा विधेयकले गरेको अर्को नयाँ व्यवस्था हो- अवकाश उमेरमा हेरफेर । निजामती कर्मचारी ५८ वर्षमा अनिवार्य अवकाशमा जाँदै आएका थिए । विधेयकले अनिवार्य अवकाशको उमेरहद ६० वर्ष पुऱ्याएको छ । तर, यो लागू गर्ने विषयमा उच्च पदस्थ राजनीतिक र प्रशासनिक व्यक्तिले चलखेल गरेका थिए । खासगरी मुख्यसचिव र बिभिन्न मन्त्रालयका सचिवहरूलाई एक वर्ष कार्यकाल लम्ब्याउने प्रयास अन्तर्गत चालु अर्थिक वर्षबाटै हेरफेर भएको व्यवस्था लागू गराउने प्रयास भएको थियो । तर, राष्ट्रिय सभाले त्यस्तो प्रयास र प्रस्तावलाई अस्वीकार गरिदियो ।

प्रतिनिधि सभाले विधेयक ऐनमा रुपान्तरित भएको साल ५८ वर्षमा अवकाश हुने, अर्को साल ५९ र त्यसपछिको साल ६० वर्षमा अवकाश हुने गरी विधेयक राष्ट्रिय सभामा पठाएको थियो । राष्ट्रिय सभामा सरकारले नै यस वर्ष ५९ वर्षमा अवकाश हुने प्रावधान लागु हुने प्रावधान राख्न खोज्यो । तर, विपक्षी दलहरूले मानेनन् । सत्तापक्षकै सांसदहरूले समेत अडान लिएनन् । सरकार नै पछाडि हट्यो र विधेयक सर्वसम्मत रुपमा पास हुने वातावरण बन्यो । मुख्यसचिव र सचिवको कार्यकाल पनि घटाइएको छ । हाल मुख्यसचिवको सेवा अवधि ३ वर्ष रहेको छ । विधेयकले घटाएरअनुसार मुख्यसचिवको कार्यकाल २ वर्ष हुनेछ । सचिवको सेवा अवधि हाल ५ वर्ष हुने प्रचलित व्यवस्था छ । यसलाई बदलेर ४ वर्ष बनाइएको छ ।

राष्ट्रिय सभाले प्रतिनिधि सभाले ब्यूँताउन खोजेको अतिरिक्त सचिवको व्यवस्था पनि हटाइदिएको छ । प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले सहसचिवभन्दा माथि सचिवभन्दा तल अतिरिक्त सचिवसचिव पदको सिर्जना गर्नेगरी विधेयकमा सहमति जुटाएको थियो । राष्ट्रियसभाले अतिरिक्त सचिव पद आवश्यक नरहेको निष्कर्ष निकालेर उक्त व्यवस्था नै हटाएर विधेयक अगाडि बढाएको हो । यो पद सिर्जनाको प्रयासलाई समेत कतिपयले उच्च राजनीतिक र प्रशासनिक चलखेलको संज्ञा दिएका थिए ।

'किन अतिरिक्त सचिव पद चाहियो ? यसको संख्या कति हुने ? यसको पदावधि कति हुने ? यी प्रश्नहरूको चित्तबुझ्दो जवाफ नआए अगाडि बढाउन गाह्रो हुन्छ' यही भदौ २ गतेको विधायन समितिको बैठकमा नेकपा एकीकृत समाजवादीका सांसद बेदुराम भुसालले भनेका थिए । यी प्रश्नहरूको चित्तबुझ्दो जवाफ नआएको भनेर विपक्षी दलहरूले अडान लिए । परिणाममा निजामती सेवामा अतिरिक्त सचिव पद नराख्ने निर्णय सर्वसम्मत भयो । माओवादी केन्द्रका सांसद राधेश्याम पासवानका अनुसार महत्वपूर्ण व्यवस्थामा विधेयकको मस्यौदा भएदेखि नै चलखेल थियो ।

'चलखेल सुरुदेखि नै थियो । प्रतिनिधि सभामा चलखेल भयो । राष्ट्रिय सभामा चलखेल भयो । सबै चलखेललाई निस्तेज पार्दै विधेयक अगाडि बढाउन सफल भयौं' सभाकै बैठकमा सांसद पासवानले भने । उनकाअनुसार चलखेल अधिक भएकाले कतिपय नीतिगत विषयमा प्रयाप्त हुन पाएनन् ।

### समावेशीभित्र पनि समावेशी

संघीय निजामती सेवा विधेयकले निजामती सेवामा महिलाभित्र समावेशीभित्र पनि समावेशीभित्र कलस्टरअनुसार सेवा प्रवेशको अवसर खुला गरेको छ । विधेयकको प्रतिवेदनअनुसार खुलामा ५१ र समावेशीतर्फ ४९ प्रतिशत कायम हुनेछ । समावेशीतर्फको ५० प्रतिशत महिलाको कोटा हुनेछ । महिलाको कोटाभित्र पनि समावेशी कलस्टरअनुसार सेवा प्रवेशको अवसर दिन लागिएको हो । यो निजामतीमा गर्न लागिएको नयाँ अभ्यास हो । विधेयकको दफा ११ मा पदपूर्तिसम्बन्धी विशेष व्यवस्था छ । जहाँ खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानेर त्यसको ५० प्रतिशत पदमा महिलाहरूबीच मात्र प्रतिस्पर्धा गराएर पदपूर्ति गर्ने व्यवस्था छ । बाँकी ५० प्रतिशत पदमा पनि समावेशी समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

निजामती कर्मचारीमा एकजनाले दुई पटक आरक्षण अवसर पाउने लगायतका प्रावधान पनि छन् । कुनै पनि व्यक्तिले राजपत्रांकित पदमा एकपटक र राजपत्र अनङ्कित पदमा एकपटक आरक्षण प्रयोग गर्न पाउनेछन् । सरकारले नै यस्तो व्यवस्था प्रस्ताव गरेको थियो, जसलाई संघीय संसद्को दुवै सभाले स्वीकार गरेको हो । तर, निजामती कर्मचारीको बढुवामा आरक्षणको प्रावधान रहनेछैन । सांसदहरूले कर्मचारीको बढुवामा समेत महिला र दलितका लागि आरक्षणको प्रस्ताव गरेका थिए ।

कर्मचारीहरूले भने सेवामा प्रवेश गरिसकेपछि सबै समान हुने तर्क गरे । सेवामा एकसाथ रहेकाहरूलाई कमजोर र बलियो भनेर छुट्याउन नमिल्ने बताए । संविधानको धारा १८ मा समानताको हकसम्बन्धी व्यवस्था देखाए ।

समानताको हकसम्बन्धी व्यवस्थामा सबै नागरिक कानुनको दृष्टिमा समान हुने भनिएको छ । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने संवैधानिक व्यवस्था रहेको उल्लेख गर्दै सेवा प्रवेश गरिसकेपछि बढुवामा योग्य हुने विषयमा पनि भेदभाव गर्न नहुने तर्क सांसदहरूले काट्न सकेनन् । त्यसपछि सेवा प्रवेशमा आरक्षणको व्यवस्था राखेर अगाडि बढे ।

बरु राष्ट्रिय सभाले सहसचिवमा १० प्रतिशत र नायब सुब्बा (नासु) मा १० प्रतिशत खुला प्रतिस्प्रर्धाबाट पदपूर्ति गर्ने प्रावधान राखेको छ । विधेयकको प्रतिवेदन अनुसार सहसचिव र नासु दुवैमा ८० प्रतिशत बढुवाबाट, अन्तर तह प्रतियोगिता र खुला प्रतियोगिताद्वारा १० प्रतिशत पदपूर्ति गरिनेछ ।

### ट्रेड युनियन अधिकार कायमै

निजामती सेवा विधेयकमा निकै पेचिलो बनेको विषय हो- ट्रेड युनियन अधिकार । हाल अभ्यासमा रहेअनुसार नै निजामती कर्मचारीमा ट्रेड युनियन अधिकार यथावत रहने गरी ऐन बन्ने भएको छ । ट्रेड युनियनसम्बन्धी व्यवस्था विधेयकको दफा १३१ मा छ । जसले, हाल अभ्यासमा भएजस्तै राष्ट्रियस्तरका ट्रेड युनियन रहने व्यवस्थालाई निरन्तरता दिएको छ । २०६४ सालमा निजामती ऐनको दोस्रो संशोधनपछि ट्रेड युनियनले निजामती ऐनमै स्थान पाएको थियो । ऐनको दोस्रो संशोधनलगत्तै विभिन्न ८ वटा राष्ट्रियस्तरका ट्रेड युनियन श्रम विभागमा दर्ता भएका थिए ।

त्यतिबेलादेखि नै राजनीतिक दलसँग आवद्ध रहने गरी ट्रेड युनियन रहने वा नरहनेबारे बहस छ । निजामती सेवा ऐन संशोधन हुने बेलामा यो विषय बढी उठ्ने गरेको छ । तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले २०७५ सालमा प्रतिनिधिसभामा आएको निजामती सेवा विधेयक ल्याएका थिए । त्यसबेलाको छलफलमा पनि यो विषय पेचिलो बनेको थियो । तर उक्त विधेयक २०७८ साल फागुनमा फिर्ता भयो । यसपटक पनि ट्रेड युनियन अधिकारको विषयले निकै चर्चा पायो । सुरुमा राजनीतिक दलहरूले एउटा मात्रै आधिकारिक ट्रेड युनियन राखिने मत प्रकट गरेका थिए । तर, कर्मचारी नेताहरूसामू राजनीतिक नेतृत्व टिक्न सकेन ।

पूर्व संघीयमामिला तथा सामान्य प्रशासनमन्त्री पण्डित यो वा त्यो नाममा संघीयता कार्यान्वयनसँग सम्बन्धित निजामती विधेयकमा बिलम्ब भएको सबैले स्वीकार गरेको स्मरण गर्छन् । '९० प्रतिशत काम मैले पहिल्यै नै गरको हो । अहिले समय लगाइनु नै समयको बर्बादी थियो,' उनी भन्छन्, 'तथापि, कुलिङ पिरियड लगायतका प्रावधान जो अहिले आएर अगाडि बढेको छ यसले ढिलो भएर पनि सकारात्मक सन्देश प्रवाह गर्न सकेको छ ।'

*(स्रोत: अनलाइखबर)*

# सरकारले खोल्यो दशैंको खसी, बोका र च्याङ्गाको अनलाइन बुकिङ

काठमाडौं/खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले दशैंका लागि खसी, बोका र च्याङ्गाको अनलाइन बुकिङ खुला गरेको छ । कम्पनीको खरिद विभागका विभागीय प्रमुख अनन्तराज पौडेलले आज बिहानदेखि अनलाइन बुकिङ खुला गरिएको जानकारी दिए ।

अनलाइन बुकिङ ३० भदौसम्म जारी रहने छ । उपभोक्ताले कम्पनीको अनलाइन पोर्टलमा गएर आफूलाई चाहिएको खसी, बोका वा च्याङ्गा छनोट गर्न सक्नेछन् । बुकिङ गर्दा एक पटकमा अधिकतम १० वटासम्म छनोट गर्न सकिने पौडेलले जानकारी दिए ।

बुकिङका लागि उपभोक्ताले अग्रिम भुक्तानी गर्नुपर्ने छ । च्याङ्गाका लागि एउटाको ५ हजार रुपैयाँ र खसी र बोकाका लागि ४ हजार रुपैयाँ अग्रिम शुल्क लाग्ने छ ।

पौडेलका अनुसार यो अग्रिम भुक्तानी हाललाई बुकिङ सुनिश्चित गर्नमात्र हो । पशुको अन्तिम मूल्य भने तौलका आधारमा निर्धारण गरिने छ । कम्पनीले २० देखि २५ किलो र २५ देखि ३०, ३० देखि ३५ र ३५ देखि ४० किलोसम्मका तौल समूहमा पशुहरू छनोट गर्ने विकल्प अनलाइनमा राखेको छ ।

अन्तिम बिक्री मूल्य कम्पनीको तत्कालीन बिक्री मूल्यमा तौल अनुसार तय गरिने र भुक्तानी गरिएको अग्रिम रकम कुल बिलबाट घटाइने छ ।

बुकिङ गरिएका खसी, बोका र च्याङ्गा घटस्थापनादेखि सप्तमीसम्म वितरण गरिने छ । अनलाइन बुकिङ गर्दा नै उपभोक्ताले आफूलाई पायक पर्ने र सहज हुने मिति छनोट गर्न सक्नेछन् ।

बुकिङ र भुक्तानी प्रक्रिया पूरा भएपछि उपभोक्तालाई एसएमएस मार्फत एउटा कोड र पशु बुझिलिन आउने मितिसहित जानकारी पठाइने छ ।

उपभोक्ताले सोही कोड र निर्धारित मितिमा उपस्थित भएर कम्पनीको बिक्री केन्द्रबाट आफ्नो पशु बुझिलिन सक्ने उनले बताए ।

कम्पनीले यो वर्ष २ हजार खसीबोका र च्याङ्गा बिक्री गर्ने छ । यस्तै कम्पनीले सञ्चालन गर्ने सुपथ मूल्य पसलबाट खसीबोका तथा च्याङ्गा खरिद गर्दा प्रतिकिलो १० रुपैयाँ छुट दिइने जनाइएको छ ।

*(स्रोत: अनलाइखबर)*

# 'रिमै'को मर्मस्पर्शी गीत 'छुटिसकेको' सार्वजनिक



काठमाडौं/यही शुक्रबार (२० भदौ)देखि प्रदर्शनमा आउन लागेको फिल्म 'रिमै'को दोस्रो गीत 'छुटिसकेको' सार्वजनिक गरिएको छ । पछिल्लो समय 'रात किन हुन्छ हजुर' गीतका कारण चर्चामा रहेका गायक थानेश्वर गौतमको स्वरमा रहेको यो मर्मस्पर्शी गीतमा कवि श्रवण मुकारुङको शब्द रचना तथा नारायण दंगलको एरेञ्ज छ । गीतमा शारदा रसाइलीको पनि स्वर सुन्न सकिन्छ ।

फिल्मका केही चल-अचल दृश्यहरू समेटिएको गीतको भिडियोमा अभिनेता दयाहाङ राई र अभिनेत्री रिश्मा गुरुङ प्रस्तुत भएका छन् । भिडियोले दयाहाङको प्रेमभाव र रिश्माको पीडालाई उजागर गरेको छ । निर्देशक खिल बहादुर गुरुङका अनुसार फिल्ममा यो गीत कथावाचनकै हिस्साको रूपमा रहेको छ ।

गोरखा सिरानचोक एण्ड लिगलिगकोट फिल्म्स र रोटेपिङ इन्टरटेनमेन्टको सहकार्यमा निर्माण भएको यो फिल्ममा दयाहाङ र रिश्मासहित अर्पण थापा, गौमाया गुरुङ, कविता आले मगर, माओत्से गुरुङ, पुस्कर गुरुङ, वीरमाया गुरुङ, वीरवल घले, डिवी गुरुङ, बाल कलाकार असिम सुब्बा, प्रेस्टु गुरुङ, प्रश्ना राना मगर लगायतको अभिनय रहेको छ ।

कवि तथा निर्देशक उपेन्द्र सुब्बाको पटकथा लेखन रहेको फिल्मलाई शैलेन्द्र ध्वज कार्कीले खिचेका हुन् । वीरवल घले कार्यकारी निर्माता रहेको फिल्ममा टीका गुरुङ, जित यात्री गुरुङ र दुन बहादुर घले निर्माता तथा बिनु गुरुङ, रोशन भट्टराई र राजेश घिमिरे सह-निर्मातामा छन् । फिल्मले गुरुङ समुदायको संस्कृतिलाई मुख्य विषयवस्तु बनाएर त्रिकोणात्मक प्रेमकथा प्रस्तुत गरेको छ ।

# बोलचाल बन्दबारे के भन्छन् प्रकाश र स्वस्तिमा ?



काठमाडौं/राजनीति र फिल्म क्षेत्रमा एउटा भनाइ चर्चित छ, 'यहाँ कोही स्थायी शत्रु वा मित्र हुँदैनन् ।' यी दुई क्षेत्रमा वर्षौंसम्म घनिष्ठ देखिएका व्यक्तिहरू अकस्मात् टाढिएका उदाहरण प्रशस्त छन् भने लामो दूरीपछि घनिष्ठ मित्र बनेका दृष्टान्तहरू पनि कम छैनन् । यतिबेला फिल्म क्षेत्रमा अभिनेता तथा गायक प्रकाश सपूत र अभिनेत्री स्वस्तिमा खड्काको सम्बन्धमा चिसोपना आएको चर्चा भइरहेको छ ।

फिल्म 'हरिबहादुरको जुत्ता'का लागि फोटोसुट गर्ने क्रममा उनीहरुबीच बोलचाल नै नभएको देखिएपछि त्यो विषय मिडियामा गसिपको रूपमा फैलिएको थियो । धेरैले फिल्म 'वसन्त'को खराब प्रदर्शनपछि उनीहरुको सम्बन्ध बिग्रिएको अनुमान लगाए । तर, पछि 'हरिबहादुरको जुत्ता'को एक प्रवर्धनात्मक भिडियोमा उनीहरुले एउटै गिलासको पानी पिउँदै बजारको हल्लालाई खारेज गरे ।

सोमबार फिल्मको नयाँ गीत 'ढाका टोपी शिरैमा' सार्वजनिक कार्यक्रममा पनि प्रकाश र स्वस्तिमालाई पत्रकारले सम्बन्ध बिग्रिएको चर्चाबारे प्रश्न गरेका थिए । त्यसको जवाफमा प्रकाशले बजारमा आएको कुरामा एक प्रतिशत पनि सत्यता नरहेको स्पष्ट पारे । उनले स्वस्तिमा आफ्नो नजिकको साथी रहेको बताउँदै आफूहरुबीच मनमुटाव वा झगडा हुनुपर्ने कुनै पनि कारण नरहेको बताए ।

उनले भने, 'फिल्म क्षेत्रमा आएपछि मैले फिल्मको बारेमा सबैभन्दा बढी कुरा सेअर गरेको र बुझेको साथी नै स्वस्तिमाजी हुनुहुन्छ । भनेपछि उहाँसँग मनमुटाव वा झगडा गर्नुपर्ने कारण नै छैन । हाम्रोबारे बजारमा जे आएको छ, त्यसमा एक प्रतिशत पनि सत्यता छैन । काम गर्ने बेलामा कहिलेकाहीँ थाकेर वा आ-आफ्नो काम गरिरहँदा एकैछिन नबोलिएको हुनसक्छ । तर, त्यस्तो केही छैन ।'

स्वस्तिमाले पनि प्रकाशसँग सम्बन्ध बिग्रिएको कुराको खण्डन गरिन् । उनले भनिन्, 'मेरो पछिल्लो समय जति पनि फिलमसम्बन्धी कन्टेन्ट आएको छ, सबैभन्दा धेरै प्रकाशजीसँगै छ । बजारमा भने सम्बन्ध बिग्रिएको चर्चा चल्छ । अरूले चाहिँ प्रकाशजीबाहेक अरूसँग तपाईंको काम नै आउन छाड्यो भन्नुहुन्छ । उहाँसित फिल्ममा मैले दोस्रो पटक काम गरेकी हुँ । एकदम रमाइलो भयो ।'

# अबिषेक र आकृतिको जोडी बाँध्दै 'कुमारी'को छायांकन सुरु

काठमाडौं/लभस्टोरी फिल्मका लागि परिचित निर्देशक दिनेश राउतले आफ्नो नयाँ फिल्म 'कुमारी'को छायांकन सुरु गरेका छन् । मङ्गलबार बिहान ललितपुरको बङ्गलामुखी मन्दिरमा शुभ-मुहूर्त गरेपछि पाटन क्षेत्रमा छायांकन थालिएको हो ।

मुहूर्त समारोहमा निर्देशक राउतसँगै फिल्मका मुख्य जोडी अबिषेक खड्का र आकृति राजभन्डारी तथा निर्माता महेन्द्र अधिकारीको उपस्थिति रहेको थियो ।

'कुमारी'को छायांकन ३५ दिनभित्र सक्ने लक्ष्य राखिएको छ । यो फिल्ममा अबिषेक र आकृतिसहित घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकांक्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने, मनीषा शर्मा र भूपी लुहार लगायतको अभिनय रहनेछ । यो फिल्म सहरी क्षेत्रको प्रेमकथामा आधारित हुने जनाइएको छ ।

गत शुक्रबार फिल्मको घोषणा समारोहमा गायक केहर सिंह लिम्बूले गाएको 'कता छौ' गीत निर्माण पक्षले सार्वजनिक गरिसकेको छ । चर्चित गीत 'फूलै फूलको बगैंचामा'का गायक लिम्बूले यही फिल्ममार्फत पार्श्व गायनमा डेब्यु गरेका हुन् । फिल्ममा संगीत केहर सिंह लिम्बू, सुमन तामाङ र प्रशान्त सिवाकोटीको रहनेछ भने गीतमा स्वर लिम्बूले नै दिएका छन् ।

बिनिश इन्टरटेन्मेन्ट र पिक्चर फ्रेमको सहकार्यमा निर्माण हुन लागेको फिल्मको स्क्रिप्ट विकास सुवेदीले तयार पारेका हुन् । केदार भुसाल कार्यकारी निर्माता रहेको फिल्मको छायाँकारमा सुसन प्रजापति छन् ।

यसमा सुप्रिम पराजुलीले रङ संयोजन, उत्तम न्यौपानेले साउन्ड डिजाइन र किरण थापाले कोरियोग्राफी गर्नेछन् । 'कुमारी'लाई यसै वर्ष प्रदर्शन गरिने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### एमालेको प्रश्न: सरकारको प्राथमिकता खानेपानी विधेयक कि चिठ्ठा विधेयक

# सहमति नजुट्दा चिठ्ठा विधेयक रोकियो

साझाकुरा संवाददाता

हेटौंडा, १७ भदौ/ सत्ताधारी दलबीच सहमति जुटन् नसक्दा बागमती प्रदेशसभामा चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हाललाई रोकिएको छ ।

मंगलबार विधेयकलाई पारित गर्ने तयारी भएपनि सत्तारुढ दल एमालेको असन्तुष्टिका कारण प्रदेशसभा बैठकको कार्यसूचीबाट चिठ्ठा विधेयकको प्रस्ताव हटाइएको हो । सोमबार बसेको बैठकमा विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको प्रतिवेदन माथि नै छलफल प्रारम्भ भएको थियो । छलफलको क्रममा नेकपा एमालेका सांसद् भारती पाठक, कृष्ण सिलवाल लगायतले चिठ्ठा विधेयकप्रति असन्तुष्टि व्यक्त गरेका थिए । सरकारको अहिलेको प्राथमिकता खानेपानी विधेयक कि चिठ्ठा विधेयक भन्दै उनीहरुले प्रश्न गरेका थिए । सुशासनको नारा दिने सरकारले चिठ्ठा विधेयक ल्याउनु उचित नभएको उनीहरुले बताए ।



एमाले संसदीय दलका नेता जगन्नाथ थपलियले भने विधेयकका प्रतिवेदन अध्ययन गर्न बाँकी रहेकाले हाललाई रोकिएको बताए । विधेयकका विविध समस्या हल गर्न समितिले प्रतिवेदनमा केही विषय सम्बोधन गरेपनि थप छलफल गर्न बाँकी रहेको उनको भनाइ छ । प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रका प्रमुखसचेतक रत्नप्रसाद ढकालले सत्तारुढ दलबीच नै कुरा नमिलेपछि विधेयक अघि नबढाइएको बताए । प्रतिपक्ष दलले सहयोग गर ेर छलफलको क्रममा अघि बढेपनि सत्तारुढ दलबीच सहमति हुन नसकेको उनले बताए । सत्तारुढ दल कांग्रेस विधेयक अघि बढाउन सकारात्मक देखिएको भएपनि एमाले तयार नहुँदा विधेयक रोकिएको उनले बताए ।

यसअघि प्रक्रिया मिचेर पारित गरिएको विधेयकलाई तत्कालीन प्रदेशप्रमुख यादवचन्द्र शर्माले पुनर्विचारका लागि फिर्ता पठाएका थिए । गम्भीर कानुनी त्रुटि र संघीय कानुनसँग बाझिने प्रावधान भएकाले दुई वर्षदेखि विधेयक संसदमा होल्ड भएको थियो । समितिबाट व्यापक संशोधनसहित प्रदेशसभामा पुन: प्रस्तुत भएको हो ।

**विधेयकमा के के भए सुधार ?**

नयाँ प्रतिवेदनले 'चिठ्ठा हस्तान्तरण गर्न नपाइने' प्रावधान थपेको छ । जसअनुसार टिकट खरिदकर्ताले परिवारबाहेक अरुलाई टिकट सटही गर्न पाउने छैनन् । यसले कालो धनलाई वैधानिक बनाउन चिठ्ठा प्रयोग गर्ने सम्भावना रोक्ने विश्वास समितिले गरेको सभापति छिरिङदोर्जे लामाले बताए ।

पहिलेको तुलनामा दण्डसजाय पनि कडा बनाइएको छ । पहिले ऐनविपरीत काम गर्नेलाई अधिकतम ५१ हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था रहेकोमा अब त्यसलाई बढाएर चिठ्ठाको कुल बिगो बराबरको रकम वा एक लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सकिने कडा प्रावधान राखिएको छ । ठगी नियन्त्रण र पारदर्शिता सुनिश्चित गर्न आयोजकले अब बिक्री नभएका टिकटको बहानामा पुरस्कार राशी घटबढ गर्न पाउने छैनन् भने त्यसमा कुनै परिवर्तन गर्नुपरेमा मन्त्रालयबाट स्वीकृति लिनुपर्ने र सूचना सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यदि निर्धारित समयमा चिठ्ठा खोल्न नसकिए आयोजकले तीन महिनाभित्र सबै खरिदकर्ताको रकम फिर्ता गर्नुपर्ने प्रावधान थप गरिएको छ । साथै, अनुमति लिनुअघि आयोजकले कुल पुँजीको १० प्रतिशत रकम धरौटी वा बैंक जमानतका रुपमा राख्नुपर्ने प्रावधानको व्यवस्था विधेयकमा गरिएको छ । चिठ्ठा सञ्चालनपश्चात बाँकी रकमको कम्तिमा २५ प्रतिशत 'सामाजिक कोष'मा राखनुपर्ने व्यवस्था गरिएको छ । जसलाई सडक मानवउद्दार, लागूऔषध रोकथाम तथा मानव बेचबिखन विरुद्धका कार्यक्रममा मात्र खर्च गर्न सकिने प्रावधान राखिएको छ ।

विधेयक प्रदेशसभामा पेस भएको प्रारम्भदेखि नै तत्कालीन प्रमुख प्रतिपक्षी एमालेले अवैध आर्जनलाई वैधानिकता दिन सक्ने भन्दै विरोध गरेको थियो । तर, समितिबाट आएको संशोधन प्रतिवेदनले प्रदेशप्रमुख र विपक्षी दलले उठाएका प्रमुख मुद्दा सम्बोधन गरेको सभापति लामाको दाबी छ । अब अन्तिम चरणमा पुगेको चिठ्ठा विधेयकलाई पारित गर्ने तयारी प्रदेशसभाले गरेको छ ।

# कर्मचारीतन्त्रको कार्यशैलीमा आमुल परिवर्तन आवश्यक: मन्त्री देवकोटा



साझाकुरा संवाददाता

हेटौंडा, १७ भदौ/ बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले कर्मचारीतन्त्रको सोच र कार्यशैलीमा आमूल परिवर्तनको आवश्यकता रहेको बताएका छन् ।

मन्त्रालयद्वारा आयोजित आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा तथा आगामी आर्थिक वर्ष २०८२/८३ को योजना तर्जुमा गोष्ठीको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उनले केवल औपचारिकता निभाउने र पुरानै शैलीमा काम गर्ने प्रवृत्तिले जनतामा सकारात्मक परिवर्तनको अनुभूति गराउन नसकिने स्पष्ट पारे । 'हामीले अब टिप्पणी उठाएर र फाइल सदर गरेर मात्रै आफ्नो जिम्मेवारी पूरा भएको ठान्ने मानसिकता त्याग्नुपर्छ,' मन्त्री देवकोटाले भने, 'हाम्रो हरेक काम जनताले प्रत्यक्ष देख्ने र अनुभव गर्ने गरी परिणाममा देखिनुपर्छ । यसका लागि स्मार्ट तरिकाले काम गर्नुको विकल्प छैन ।'

मन्त्री देवकोटाले परम्परागत र प्रक्रियामुखी कार्यशैलीबाट प्रदेशले अपेक्षित समृद्धि हासिल गर्न नसक्ने बताए । परिणाममुखी नतिजाका लागि 'स्मार्ट वर्क, टिमवर्क र नवीन सोच' लाई आत्मसात गर्नुपर्नेमा उनले जोड दिए । मन्त्री देवकोटाले कुनै पनि ठूलो लक्ष्य एक्लै हासिल गर्न नसकिने बताउँदै मन्त्रालयका विभिन्न महाशाखा, विभाग र कर्मचारीबीच बलियो 'टिमवर्क' को खाँचो रहेको बताए । 'एउटा व्यक्ति वा एउटा निकाय मात्र दौडेर हुँदैन । जबसम्म हामी सबै एउटै टोलीको रुपमा समन्वयका साथ अघि बढ्दैनौं, तबसम्म नतिजा आउँदैन,' उनले बताए ।

परिवर्तन र विकासका लागि नवीन सोच र गतिशील कार्ययोजना अपरिहार्य रहेको उल्लेख गर्दै उनले विश्वव्यापीरुपमा विकास भइरहेका नयाँ प्रविधि र अवधारणालाई प्रदेशको विकासमा जोड्नुपर्ने बताए । मन्त्री देवकोटाले योजनालाई प्राथमिकताका आधारमा वर्गीकरण गरी स्रोत र साधनको अधिकतम उपयोग गर्न निर्देशन दिए । गोष्ठीमा विगतका कामको समीक्षा गर्दै आगामी वर्षका लागि थप स्पष्ट, रणनीतिक र कार्यान्वयन योग्य योजना निर्माणमा केन्द्रित हुन आग्रह गर्दै उनले छलफलबाट आउने निष्कर्षले प्रदेशको पूर्वाधार विकासमा नयाँ मार्गप्रशस्त गर्ने विश्वास व्यक्त गरे ।

मन्त्रालयका सचिव इश्वरीचन्द्र मराको अध्यक्षतामा भएको दुई दिने गोष्ठीमा वातावरण संरक्षण तथा जलबायू परिवर्तन व्यवस्थापन विज्ञ डा. माधव कार्की र शहरी योजना तथा वस्ती विकास विज्ञ डा. संगीता सिंहले सहजीकरण गर्ने छन् । कार्यक्रममा यातायात पूर्वाधार निर्देशनालयका निर्देशक नवीनकुमार सिंह, प्रदेशका ११ वटै जिल्लाका भौतिक पूर्वाधार विकास कार्यालय, शहरी विकास तथा भवन कार्यालयका प्रमुख, मन्त्रालयका महाशाखा प्रमुखहरू तथा अन्य कर्मचारीको सहभागिता रहेको थियो ।

# मुख्यन्यायाधीवक्ताको वार्षिक प्रतिवेदन प्रदेशप्रमुखसमक्ष पेश

साझाकुरा संवाददाता

हेटौंडा, १७ भदौ/ बागमती प्रदेशको मुख्यन्यायाधीवक्ता कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा ९८ थान मुद्दा फछ्र्यौट गरेको छ ।



मंगलबार प्रदेशप्रमुख दीपकप्रसाद देवकोटालाई कार्यालयको वार्षिक प्रतिवेदन बुझाउँदै मुख्यन्यायाधीवक्ता शुकदेव काफ्लेले यो जानकारी दिएका हुन् । आर्थिक वर्ष २०८०/८१ बाट लगत सरेर आएका १ सय ४८ र नयाँ दर्ता भएका १ सय १७ मुद्दामा ९८ थान मुद्दा फछ्र्यौट भएको मुख्यन्यायाधीवक्ता काफ्लेले जानकारी दिए । संघीयता कार्यान्वयन पछि स्थापना भएको कार्यालयले स्थापनाको पहिलो वर्ष २०७४/७५ मा दर्ता भएका ४ वटा मुद्दामध्ये एउटा मात्र मुद्दा फछ्र्यौट गरेको थियो । आर्थिक वर्ष २०७५/७६ मा ३, २०७६/७७ र २०७७/७८ मा समान १३-१३, २०७८/७९ मा ४४, २०७९/८० मा ५५, २०८०/८१ म ७५ थान मुद्दा कार्यालयले फछ्र्यौट गरेको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को श्रावण मसान्तमा कार्यालयमा ११ थान नयाँ मुद्दा दर्ता भएको र ३ वटा मुद्दाको फछ्र्यौट भएको मुख्यन्यायाधीवक्ता काफ्लेले जानकारी दिए । त्यसैगरी कार्यालयमा हालसम्म चालु मुद्दाको संख्या १ सय ७८ रहेको छ । जसमध्ये सबैभन्दा धेरै सर्वोच्च अदालतमा १ सय २४ थान मुद्दा रहेको मुख्यन्यायाधीवक्ता काफ्लेले बताए । मुख्यन्यायाधीवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम मुख्यन्यायाधीवक्ता काफ्लेले कार्यालयको वार्षिक प्रतिवेदन प्रदेशप्रमुखसमक्ष पेश गरेका हुन् । प्रतिवेदन ग्रहण गर्दै प्रदेखप्रमुख देवकोटाले आफ्नो तर्फबाट सहजीकरण हुने बताएका छन् । न्यायसम्पादनको क्षेत्रमा देखापरेका चुनौतीमाथि आवश्यक सहजीकरणमा मुख्यमन्त्रीमार्फत् गर्ने उनले बताए ।

त्यसैगरी कार्यक्रममा मुख्यन्यायाधीवक्ता काफ्लेले बागमती प्रदेशमा रहेको कारागारहरुमा सबैभन्दा समस्या रहेको टिप्पणी गरे । कारागारको क्षमताभन्दा बढी कैदी बन्दीहरु राखेर मानवअधिकारको प्रत्याभूतिमा नै चुनौती रहेको उनले बताए ।

साथै न्यायाधीवक्ताको कार्यालयको कार्यसम्पादन सुधार र संस्थागत विकासका सुझाव पनि समेटिएको छ । मुख्यन्यायाधीवक्ताले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

# चाडबाडलक्षित सहुलियत पसल भदौ अन्तिमबाट

साझाकुरा संवाददाता

हेटौंडा, १७ भदौ/ आसन्न चाडपर्व लक्षित गरी भदौ ३० गतेदेखि सहुलियत मूल्य पसल सञ्चालन गरिने भएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णयानुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत् सुपथ मूल्य पसल सञ्चालन गरिने भएका हुन् ।

आमउपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सहुलियत मूल्यमा उपलब्ध गराउन चाडबाड अवधिभर यस्ता पसल सञ्चालनमा ल्याउन लागिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखाप्रमुख शिवराम पोखरेलका अनुसार सहुलियत मूल्य पसल सञ्चालनका लागि खाद्य व्यवस्था कम्पनी र साल्ट ट्रेडिङलाई परिपत्र भइसकेको छ । खाद्य व्यवस्था कम्पनीले सञ्चालन गर्ने सहुलियत मूल्य पसलमा सबै किसिमको चामल तथा दाल, गहुँ, चिनी र गेडागुडीमा प्रतिकिलो पाँच रुपैयाँ छुट हुनेछ ।

त्यसैगरी चिउरा, आटा, पिठो, मैदामा प्रतिकिलो सात रुपैयाँ छुट पाइनेछ । खानेतेलमा पनि प्रतिलिटर सात रुपैयाँ छुट दिइने जनाइएको छ ।

कर्णालीका रैथाने उत्पादन जुम्ली मार्सी चामल, कागुनो, चिनो, सिमी, उवा र तितेफापरमा प्रतिकिलो १० रुपैयाँ छुट हुनेछ । जिरा, धनियाँ, चियापत्ती र जिउँदो खसी बोका तथा च्यांग्राको मूल्यमा प्रतिकिलो १० रुपैयाँ छुट पाइनेछ । खाद्य व्यवस्था कम्पनीले विभिन्न ४६ वटा जिल्लामा सहुलियत मूल्य पसल सञ्चालन गर्नेछ ।

साल्ट ट्रेडिङ कर्पोरेसनले काठमाडौं उपत्यकामा तीनवटा घुम्ती पसलसहित १५ स्थानमा सहुलियत मूल्य पसल सञ्चालन गर्नेछ । उपत्यकाबाहेक विभिन्न जिल्लामा साल्ट ट्रेडिङले सहुलियत सुविधा उपलब्ध गराउनेछ । साल्ट ट्रेडिङले नुनमा प्रतिकिलो दुई, चिनीमा प्रतिकिलो पाँच, तेलमा प्रतिलिटर सात र चिउरा, दाल, पिठो तथा मैदामा प्रतिकिलो समान सात रुपैयाँ छुट दिनेछ । चाडबाडका समयमा उपभोक्ता बजारमा निजीक्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ ।

# थाहानगरले किसानलाई बायोटिनमा ५० प्रतिशत अनुदान दिने

साझाकुरा संवाददाता

हेटौंडा, १७ भदौ/ मकवानपुरको थाहा नगरपालिकाले किसानलाई बायोटिन चूनमा ५० प्रतिशत अनुदान दिने भएको छ । नगरपालिकाको कृषि विकास शाखाले ६ भदौमा सूचना प्रकाशन गरी अनुदानका लागि प्रस्ताव आह्वान गरेको हो ।





आर्थिक वर्ष २०८२/८३ स्वीकृत वार्षिक कार्यक्रमअनुसार ५० प्रतिशत अनुदान दिइने चूनका लागि कृषक समूह, कृषि सहकारी र कृषि फर्मले सूचना प्रकाशित मितिले ३० दिनभित्र दरखास्त दिन सक्ने सूचनामा उल्लेख गरिएको छ । नगरपालिकाले औद्योगिक प्रयोजनका लागि व्यवसायिक आलु उत्पादन कार्यक्रमका लागि पनि प्रस्ताव आव्हान गरेको छ । यस कार्यक्रम सञ्चालन गर्न पनि ३० दिने म्याद दिएर सूचना आह्वान भएको छ ।

अनुदान कार्यक्रममा सहभागी हुनका लागि किसानले अध्यक्ष वा प्रोपाइटरको नाम, मोवाइल नम्बर र समूह/सहकारी/फर्मको पान नं. अनिवार्य उल्लेख भएको लेटर हेडमा लेखिएको निवेदनका साथै दर्ता प्रमाणपत्रको दुबैतिर देखिने गरी एकप्रति, बैठकको निर्णय, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, पान प्रमाणपत्रको प्रतिलिपिलगायतको कागजात पेश गर्नुपर्ने सूचनामा उल्लेख छ ।

# राक्सीराङमा ३ दिन सार्वजनिक बिदा

साझाकुरा संवाददाता

हेटौंडा, १७ भदौ/चेपाङ समुदायको महत्वपूर्ण सांस्कृतिक पर्व न्वागी (छोनाम) को अवसरमा राक्सीराङ गाउँपालिकाले तीन दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ ।


स्थानीय सरकार
राक्सिराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
मिति: २०८२/०५/१७
न्वागी पर्वको हार्दिक शुभकामना।

गाउँपालिकाले २०८२ भदौ २१, २२ र २३ गते तीनदिन सार्वजनिक विदा दिने निर्णय गरेको हो । यो अवधिमा गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालय तथा शिक्षण संस्थाहरु बन्द हुने गाउँपालिकाले जनाएको छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषताले समृद्ध नेपालको राष्ट्रिय संस्कृतिको अभिन्न अंगकारुपमा चेपाङ समुदायले मनाउने यो पर्वलाई हर्षोल्लासका साथ मनाउन सबैलाई आग्रह गरिएको छ । पर्वको अवसरमा राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले देशविदेशमा रहेका सम्पूर्ण चेपाङ समुदायलाई सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गरेका छन् ।

नयाँ अन्न देवतालाई नचढाई खान हुँदैन भन्ने मान्यता रहेकोले चेपाङ झाँक्री (पान्दे) ले ढ्यांग्रो ठोक्दै कुखुराको बलि दिएर नयाँ अन्न चढाउने चलन छ । फलफूल तथा अन्न चढाएपछि मात्र खान मिल्ने धार्मिक मान्यता रहेको छ ।

न्वागीमा चेपाङ समुदायले कुनै काम नगरी रमाइलो गर्छन् । नाताकुटुम्बलाई निम्तो गरेर सामूहिक भोज खुवाउने चलन छ । चेपाङ समुदायमा साउन महिनामा देवता बाहिर जाने र भदौ लागेपछि भित्रने विश्वास रहेको बताए ।

खेतबारीमा उत्पादन भएको घैयाधान, खोरियामा उत्पादन गरेको मकै, निवुवा, खुर्सानी, अदुवा, पिँडालु, काँचो खुर्सानीलगायत अन्नपात र फलफूल देवतालाई नचढाएसम्म नखाने प्रचलन छ, त्यसको उपयुक्त समय नै भदौ महिनाको पूर्णिमा हो । देवतालाई प्रसादको रुपमा अन्न चढाएपछि र झाँक्रीले रातभरि फलाकेपछि अन्न बाली खान मिल्ने विश्वास रहेको छ ।

# नवनियुक्त सचिव ढकाललाई स्वागत



साझाकुरा संवाददाता

हेटौंडा, १७ भदौ/ बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयमा मंगलबार नवनियुक्त सचिव बलराम ढकाललाई स्वागत गरिएको छ ।

मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री जयराम थापा, विभागीय प्रमुखहरु र कर्मचारीले सचिव ढकाललाई औपचारिक स्वागत गरेका हुन् । स्वागतपछि मन्त्री थापाले मन्त्रालय संवेदनशील क्षेत्र भएकाले कार्यसम्पादनमा कानुनसम्मत र जिम्मेवार ढंगले अघि बढ्नुपर्नेमा जोड दिए । अनुभवको सदुपयोग गर्दै श्रमिकमैत्री नीति, यातायात सेवा सुधार तथा नागरिकसेवामा सहजता ल्याउन सचिवलाई मन्त्री थापाले निर्देशन दिए । विशेषगरी सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरणलाई मन्त्रालयले पहिलो प्राथमिकतामा राखेको बताउदै ईबिलबुक प्रणाली, अनलाइन कर भुक्तानी र विनियोजित बजेट अनुसारको कामलाई प्रभावकारी बनाउने विषयमा पनि ध्यान दिनुपर्नेमा मन्त्री थापाले जोड दिए ।

सचिव ढकालले आफू जिम्मेवारीलाई मेरुदण्डकारुपमा ग्रहण गर्दै, 'कुरा भन्दा काममा जोड दिने, सेवाग्राहीको प्रतिक्रिया अनुसार कार्यालय सञ्चालन गर्ने, जनगुनासोको समाधान गर्ने र सेवाप्रवाहमा सुधार ल्याउने' प्रतिवद्धता जनाए । ढकालले लेखा र प्रशासन बिभागमार्फत खाता सञ्चालन गर्ने र पदीय जिम्मेवारी पूरा गर्ने बताए । मन्त्री थापाले मन्त्रालयमा कानुन शाखाको अभाव रहेको उल्लेख गर्दै, आगामी दिनमा संस्थागत संरचना मजबुत बनाउँदै परिणाममुखी काम गर्नुपर्नेमा जोड दिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना